# दलित महिलाहरुको शैक्षिक अवस्था
# गोरखा नगरपालिका. वडा नं ८ गोरखा को
# एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपुर्तिका लागि समाजशास्त्र शिक्षण विभाग, केन्द्रीय क्याम्पस
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा बुझाइएको
शोध पत्र


जानुका के.सी.
रोल नं :४६५


२०७३

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आबश्यकता पुरा गर्ने उद्देश्यले प्रस्तुत **"दलित महिलाहरुको शैक्षिक अवस्था गोरखा नगरपालिका. वडा नं ८ गोरखा को एक अध्ययन"** विषयक शोधपत्र **जानुका के.सी**ले मेरो निर्देशन, सुझाब तथा सुपरिबेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु अतः शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

....................................

.........

डा. राम के.सी

शोध निर्देशक

समाजशास्त्र केन्द्रीयविभाग

कीर्तिपुर, काठमाडौं ।

मिति :- २०७३/ /

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृतिपत्र

**" दलित महिलाहरुको शैक्षिक अवस्था गोरखा नगरपालिका. वडा नं ८ गोरखा को एक अध्ययन"** शीर्षक राखि त्रिभुवनविश्व विद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर अन्तरगत स्नातकोत्तर तह दोश्रो वर्षमा अध्ययन गर्ने **जानुका के.सी**ले प्रस्तुत गर्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**हस्ताक्षर**

प्रा.डा. तुलसीराम पाण्डे

.......................................

(विभागीय प्रमुख)

डा.राम के.सी .........................................

( परीक्षक )

..................................

......................................

(बाह्य परीक्षक)

# कृतज्ञता ज्ञापन

प्रस्तुत " **दलित महिलाहरुको शैक्षिक अवस्था गोरखा नगरपालिका. वडा नं ८ गोरखा को एक अध्ययन** " शिर्षकको एक शोधपत्र समाजशास्त्र विर्षयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक पूर्तिको लागि तयार पारिएको हो । सर्वप्रथम अध्ययन क्षेत्रका सम्पूर्ण उत्तरदाताहरुमा अमूल्य समय दिई जानकारी प्रदान गरिदिनु भएकोमा कृतज्ञता प्रकट गर्दछु । यस शोधप्रत्रको प्रस्तावना कार्य देखि अन्त्यसम्म आफ्नो अमुल्य समय दिई उपयुक्त निर्देशन, सल्लाह, सुझाव एवं सहयोग र प्रेरणा दिनु हुने मेरा शोध निर्देशक त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका डा. राम के.सी ज्यू प्रति आभार व्यक्त गर्दछु । त्यसैगरी समाजशास्त्र केन्द्रीय विभागप्रति आभारी छु , जुन विभागले मलाई यस विषयमा शोध गर्ने अनुमति र अध्ययन गर्ने अवसर प्रदान गरेको छ । साथै यस विभागका विभागीय प्रमुख डा. तुलसीराम पाण्डे ज्यू प्रति पनी म अनुगृहित छु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गनुपर्छ भन्ने नैतिक अर्ती, प्रेणा, आर्शिवाद र आर्थिक सहयोग गर्नु हुने मेरा सम्पूर्ण घरपरिवार प्रति आजन्म ऋृणी छु । यसका साथै शोधपत्रको लेखन कार्यमा महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग गनुहुने श्रमिान विनोद थापा र साथी बसन्ता भण्डालाई धन्यवाद दिन चाहन्छु । अन्तमा बाघभैरव कलरल्याप सेन्टर कीतिपुर, नयाँ बजारलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

जानुका

के.सी

## विषयसूची


**अध्याय एक परिचय** **१-३**

१:१ अध्ययनको पृष्ठभूमि १

१:२ समस्याको कथन २

१:३ अध्ययनको उद्देश्यहरु २

१:४ अध्ययनको महत्व ३

**अध्याय दुई साहित्य समीक्षा** **५-**
**१६**

**अध्याय तीन** अनुसन्धान विधि **१७-**

**२०**

३.१. अध्ययन क्षेत्रको छनौट १७

३.२ अनुसन्धान ढाँचा १७

३.३ तथ्याङ्कको प्रकृति र श्रोत १८

३.४ नमुना छनोट १८

३.५ तथ्याङ्क संकलन विधि १८

३.६ तथ्याङ्कको विश्लेशण र प्रस्तुतीकरण १९

३.७ अध्ययनको सीमा २०

**अध्याय चार अध्ययन क्षेत्रको परिचय** **२१-**

**३५**

४.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्था २१

४.२ आर्थिक अवस्था २३

४.३ जनसंख्या स्थिति २३

४.३.१ वडा नं ८ मा सार्कीको जनसंख्या २४

४.४ सार्की समुदायका महिलाहरुको शैक्षिक स्थिति २७

४.५  सार्की समुदायमा बालिकाहरुलाई विद्यालय पठाइएको अवस्था २८

४.६  विचैमा विद्यालय छोड्ने कारण २९

४.७ शिक्षाकोलागी आर्थिक जुटाउने माध्यम ३०

४.८  विद्यालयमा दलित विद्यार्थीलाई गरिने व्यवहार ३१

४.९  अभिभावकले पढाइमा गर्ने सहयोग ३२

४.१०  पढ्नको लागी संघर्ष ३४

**अध्याय पाँच सामाजिक संस्थामा दलित महिलाहरुको संलग्नता र भूमिका ३६-४९**

५.१  अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्था ३६

५.२ महिलाको वैवाहिक स्थिति ३७

५.३ छुवाछुत हुने स्थान ३८

५.४ स्वास्थ्य सम्बन्धि बिबरण ३९

५.५  स्वास्थ्य उपचार ४०

५.६ दलित महिलाहरूको राजनीति अवस्था ४१

५.७ दलित महिलाहरूको धार्मिक कार्यमा सहभागिता ४४

५.८  निर्णय प्रक्रियामा भुमिका ४६

५.९  महिलाहरूको सामाजिक स्थितिको मूल्यांकन ४७

५.१०  छुवाछूतका कारण सार्की महिलाको सामाजिक अवस्थामा पारेको प्रभाव र परिवर्तन ४९

**अध्याय छ** सारांश र निष्कर्ष **५०-५२**

६.१ अध्ययनको सारांश ५०

६.२ अध्ययनको निष्कर्ष ५१

सर्न्दभ सामाग्री

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक वहुजाति, वहुभाषिक, वहुधार्मीक, वहुसंस्कृति भएको मुलुक हो र यहाँको भौगोलिक विविधता र सामाजिक संस्कृतिक अनेकताले समाजशास्त्र र मानवशास्त्र विषयको अध्ययन अनुसन्धानलाई एउटा उर्वर भुमी प्रदान गरेको छ (गुरुङ्ग २००२) । हिन्दु धर्म परम्परा अनुसार परम्परादेखि अछुत बनाइ पानी नचल्ने भनिएका विभिन्न जातहरुलाई दलित जाति सम्बोधन गर्ने परम्परा बसेको छ । वास्तवमा दलित कुनै जात नभई विभिन्न जातहरुलाई सम्बोधन गर्ने शब्द हो । दलित शब्दको अर्थ हेपिएको, पिल्सिएको, दलिएको भन्ने रहे पनि वर्तमानमा यसको अर्थ यतिमा सिमित छैन । हिन्दु समाजमा 'दलित' शब्द सर्वप्रथम भारत यी दलित नेता डा. भीमराव अम्वेडकरले प्रयोग गरेका हुन् । भारतमा १९२७ तिर चलेको दलित आन्दोलन सँगै दलित शब्द हिन्दु समाजमा विभिन्न जातीय समुह भित्रका अछुत जातको साझा जातिय नामका रुपमा स्थापित हुन पुग्यो । भारतीय दलित नेताले ल्याएको दलित शब्दलाई वि.सं. २०२४ सालमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद् नामको संस्थाले पहिलो पटक प्रयोगमा ल्यायो । यसप्रकार दलित आन्दोलनका क्रममा स्थापित 'दलित' शब्दले हिन्दु समुदायले अछुत बनाएको जातको साझा परिचय बुझाउने अर्थ ग्रहण गरिएको छ । ती जातले पनि दलित शब्दलाई आन्दोलनबाट स्थापित आफ्नो सम्मान जनक परिचयका रुपमा ग्रहण गरिसकेका छन् (आहुती, २०६७) ।

शताव्दी औं सम्म संस्कृत शिक्षाबाट एउटा समुदायलाई वञ्चित गरेर दोस्रो नागरिकको सृजना गरियो । शिक्षामा अधिकार नपाएको एउटा वर्ग जसलाई श्रममा चाहे जसरी प्रयोग गर्दै आइयो भने अर्को वर्ग जसले त्यो ज्ञान र शिक्षा माथी एकाधिकार बनाएका छन् । त्यहींबाट दलितहरुलाई वर्गीय रुपमा पाखा लगाउने कामको थालनी भयो । (घिमिरे, २०६४)

वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा २ करोड ६४ लाख ९४ हजार ५ सय ४ कुल जनसङ्ख्या रहेको छ । जसमध्ये महिलाको सङ्ख्या १,३६,४५,४६३ छ । कुल जनसङ्ख्याको

६५.९% जनता साक्षर छन् । त्यसमा पनि पुरुष साक्षरता ७५.१% रहेको छ भने महिला साक्षरता ५७.४% माात्र रहेको छ । गोरखा जिल्लाको कुल साक्षारता ६६.८ छ जस्मा ७५.८ पुरुष साक्षरता प्रतिशत रहेको छ भने महिला साक्षरता ५९.७ % प्रतिशत रहेको छ । त्यस्तै गोरखा जिल्लाका सार्कीको कुल साक्षारता ६०.८ छ जस्मा पुरुषको साक्षरता ६९.३ प्रतिशत रहेको छ भने महिला साक्षरता ५३. ७ प्रतिशत रहेको छ माात्र रहेको छ । समग्रमा महिला साक्षारताको अवस्था न्यून रहेको र सार्कीको महिलाको झनै कम देखिन्छ (के.त.वि. सन २०१४)।

नेपालमा विविध प्रकारका जात जातीहरु बसोबास गर्दछन् । उनीहरुको आफ्नै प्रकारको रहनसहन र सांस्कृति कृयाकलाप छन् । त्यस भित्र पर्ने गोरखा नगरपालिका वाड नं. ८ मा बसोबास गर्ने दलित जाती भित्र पर्ने महिलाहरुको शैक्षिक स्थिति कस्तो छ ? त्यहाँका महिलाहरुले कस्ता सामजिक क्रियाकलाप गर्छन् । विभिन्न सामाजिक संस्थामा उनीहरुले निर्वाह गर्ने भूमिका कस्तो छ ? ति कुराहरुमा खोज, अनुसन्धान गरी सत्य तथ्य यथार्थ पत्ता लगाउने उद्देश्यले यो अध्ययन गरिनेछ । यस अध्ययनले दलित महिलाको शैक्षिक स्थिति र सामाजिक सहभागिताका अध्ययन गरी सत्य तथ्य कुरा निकालीने छ ।

## १.२ समस्याको कथन

दलितहरु समाजमा विभिन्न सामाजिक भेदभावका सिकार भएका छन् । एकातिर गरीबी र अर्कोतिर सामाजिक भेदभाव र अपमान दुबैको अन्तरक्रिया द्वारा देखा परेको पछौटेपन शास्वत सत्य हो (विश्वकर्मा, २०५०) । समाजमा भएका अनेक प्रकारका भेदभाव गरीबी, पछौटेपन आदिले गर्दा दलितहरु आर्थिक, सामजिक, शैक्षिक र अन्य गतिविधिमा पछाडि पर्नु स्वाभाविक हो समाजमा भएका कुरिति, अन्धविश्वास, कुसंस्कार, असमानताका कारण शिक्षालाई अगाडि बढाउन समस्या परेको छ । नेपालका दलित महिला तीन प्रकारबाट विभेदीत छन् । पहिलो दलित भएका कारणले, त्यसपछि दलित महिला भएका कारणले, अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछुतको व्यवहारबाट पिडित छन् । त्यसरी नै दलित महिलाहरु पनि स्वत : पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तात्मक भएका कारणले उनीहरु पिडित छन् । जसरी मुल धारका महिला अन्य आर्थिक, सामाजिक र राजनैतिक हिसाबले पिडित छन् । त्यसैगरी दलित महिला झन हुने भए । यसरी नेपालका

दलित महिलाले तीन तीरबाट उत्पीडन खप्नु पर्दाको स्थितिमा उनिहरुको जीवन गुज्रको छ । दलित महिलाले घरमा लामो समयसम्म काम गर्नु पर्ने, उनीहरुका विभिन्न संस्कारका कारण विद्यालय नियमित नहुने र बिचैमा विद्यालय छोड्नु पर्ने अवसथा देखिन्छ । यिनीहरुले आफ्नो जीवनको सम्पूर्ण समय कठोर शारीरिक परिश्रम गरेर विताए पनि उनीहरुको सामाजिक एवं आर्थिक विकास हुन सकिरहेको छैन । यसै कुरालाई ध्यानमा राखी दलित महिलाहरुको सामाजिक एवं आर्थिक स्थिति सम्वन्धी अध्ययन अनुसन्धान हुन जरुरी छ । यस्तो अवस्थामा गोरखा नगरपालिका वाड नं. ८ मा रहेका दलित महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्नु र सामाजिक संस्थामा उनीहरुको कस्तो भूमिका रहेको छ भन्ने विषय अध्ययन गरी उनीहरुको सामाजिक स्थितिको अध्ययन गर्ने यस अध्ययनको कार्य हुने छ । यस अध्ययनले मूलतः निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गर्ने छ ।

- दलित महिलाहरुको शैक्षिक अवस्था कस्तो छ ?
- विभिन्न सामाजिक तथा राजनैतिक परिवतर्नसगै उनिहरुको शैक्षिक अवस्थामा कस्तो परिवतर्न आएको छ ?
- सामाजिक संस्थामा उनीहरुको संलग्नता र भूमिका कस्तो रहेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरु

यस अध्ययनको मुख्य उद्देश्यमा गोरखा जिल्ला, गोरखा नगरपालिका वडा न.८ मा बसोबास गर्ने दलित महिलाहरुको शैक्षिक अवस्था र सामाजिक संस्थामा उनीहरुको संलग्नता र भूमिकाको अध्ययन गर्नु रहेको छ । यस्तै विशिष्ठ उद्देश्यहरु निम्न रहेका छन् ।

क) अध्ययन क्षेत्रका दलित महिलाको शैक्षिक स्थिति पत्ता लगाउने ।

ख) दलित महिलाले बिचैमा पढाइ छोड्ने र कक्षा दोहोराउने अवस्थाको विश्लेशष गर्नु ।

ग) सामाजिक संस्थामा दलित महिलाहरुको संलग्नता र भूमिकाको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

दलित जातिका महिलाको समाजमा उच्च जाति भनिने ब्राम्हण, क्षेत्रीले आफ्ना घर भित्र अछुत भनि पस्न दिदैनन् । दलित महिलाहरुको आफ्नो स्वामित्वमा प्रशस्त कृषि गर्ने जमीन नहुँदा मौसमी श्रमिक भएर बाँच्न पर्ने बाध्यता छ जसको कारण भविष्य त्यति उज्वल होला भन्न सकिन्न । यस अध्ययनबाट दलित महिलाहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिको

जानकारी भएको छ । यस जातिको महिलाको आर्थिक, सामाजिक तथा शैक्षिक अध्ययन एवं अनुसन्धान गर्नुको पछाडि निम्न लिखित महत्व रहेको छ ।

क) यस अध्ययनले गोरखा जिल्ला गो. न.पा.मा बसोबास गर्ने दलित महिलाहरुको सामाजिक र शैक्षिक अवस्थाबारे अध्ययन सामाग्रीको रुपमा रहनेछ ।

ख) यस अध्ययनले वर्तमान अवस्थामा पनि दलित महिलाहरु कुन अवस्थामा छन् भन्ने जानकारी दिनेछ ।

# अध्याय दुई

## पूर्व प्रकाशित साहित्यको समीक्षा

नेपालमा जनसंख्याको आधा भाग ओगटेका महिलाहरुको विभिन्न अवस्थाको वारेमा अध्ययन र अनुसन्धा गर्दा वास्तवमै यिनीहरुको अवस्था निकै दयनीय भएको पाइन्छ । यसमा पनि दलित महिलाहरुको अवस्थालाई हेर्दा यिनीहरुको अवस्था हरेक पक्षमा दयानिय रहेको छ । एक त महिला भएको कारण उनीहरु आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक जस्ता पक्षमा सम्मिलित हुन पाएका छैनन् भने दोस्रो दलित महिला भएकै कारण यी विभिन्न पक्ष वाट बहिस्कृत भएका छन् त्यसैले दलित महिलाले दोहोरो मार खेपिरहनु परेको छ । यसै सन्दर्भमा ( विश्वकर्मा २०६३) भन्नु हुन्छ : नेपालका दलित महिला तीन प्रकारबाट विभेदीत छन् । पहिलो दलित भएका कारणले, त्यसपछि दलित महिला भएका कारणले, अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछुतको व्यवहारबाट पिडित छन् । त्यसरी नै दलित महिलाहरु पनि स्वत : पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तात्मक भएका कारणले उनीहरु पिडित छन् । जसरी मुल धारका महिला अन्य आर्थिक, सामाजिक र राजनैतिक हिसाबले पिडित छन् । त्यसैगरी दलित महिला झन हुने भए । यसरी नेपालका दलित महिलाले तीन तीरबाट उत्पीडन खप्नु पर्दा उनीहरुको स्थिति के होला जो कोहीले अनुमान लगाउन सक्छ । दलित पुरुष दलित भएकै कारणले पिडित हुनु परेको छ भने दलित महिला लैङ्गिक कारणले झन पीडित हुनु परेको छ । यी तीन प्रकारका वृहत उत्पीडनबाटै उब्जिएका धेरै समस्याहरु नेपाली दलित महिलाले भोग्नु परेको छ  र त्यसलाई सामाजिक, आर्थिक  र राजनीतिक समस्याहरुको सेरोफेरो मै हेर्नु पर्ने हुन्छ ।

आज भन्दा साढे तीन दशक पहिले २०२० मा बनेको मुलुकी ऐनले जातिभेद र छुवाछुतलाई कानुनतः निषेध गरेको थियो । २०४६ साल पछि बनेको संविधानले जातीय भेदभाव र छुवाछुतलाई पूर्ण निषेध गरेको छ । त्यस सम्बन्धि अपराध गर्नेहरुलाई दण्ड-जरिवानाको पनि कानूनी व्यवस्था गरेको छ । तर समाजमा अझैपनि हजारौं वर्षदेखिको जातिभेद र छुवाछुतको कुसंस्कार रहीरहेको छ । देशमा मुलुकी ऐन लागु भएको ४३ वर्ष र प्रजातन्त्र पुर्नवहालीका

साथै गणतन्त्र आएको ४ वर्ष वितीसक्दा पनि दलित महिलाहरु अफै सम्म सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक क्षेत्रमा बहिस्करणको शिकार भईरहेका छन् । यसलाई (सापकोटा, २०००) वाट प्रस्ट पार्न सकिन्छ : सरकारवाट बि.सं. २०२० सालमा नेपालीहरुलाई नयाँ मुलुकी ऐन दिंदा जातिय भेदभाव, छुवाछुतको अन्त्य गरीएको थियो । यहाँ कानुनी रुपमा छुवाछुत र उच नीचको भेदभाव गर्न पाईदैन । नेपाल अधिराज्यको संबिधान २०४७ को भाग ३ धारा ११ मा उल्लेखित समानताको हकमा कुनै पनि व्यक्तिलाई जाति पातिको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्बजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराको प्रयोग गर्नुवाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुन वमोजिम दण्डनीय हुने छ । त्यसैगरी मुलुकी ऐन अदलको महलको १० 'क' नं.मा कसैले कसैलाई जाति पातिको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्बजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोगबाट वञ्चित गरेमा १ बर्ष सम्म कैद वा रु. ३,०००।- सम्म जरीवाना वा दुबै सजाय हुन सक्ने छ । यस्तो संवैधानिक तथा कानुनी व्यवस्था हुँदा हुँदै पनि किन यहाँ बराबर छुवाछुत, उचनीच र ठुलो सानो, दलित उत्पीडित र जनजातिका कुरा उठीरहने गर्दछन् ।

हाम्रो समाजमा रहेको जातपात र छुवाछुतको अवस्थाका कारण उत्पीडन, दमन, शोषण र अन्यायमा परेका दलित वा दलित महिलाहरुको अवस्था माथि उठ्न सकेको छैन । जनसंख्याको ठूलो हिस्सा ओगट्ने दलित वा दलित महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक पक्षबाट बञ्चित रहेका छन् । दलित भएकै कारणबाट राज्यको स्रोत र साधनहरुमा पहुँच कम रहदै आएको र राज्यको नीति निर्माण तथा निर्णायक तहमा समेत अत्यन्त न्यून सहभागिता रहेको छ । यो सन्दर्भलाई (अन्र्तराष्ट्रिय श्रमसंगठन, १९८२) ले प्रस्टयाउँदछ : जनसंख्याको आधा भाग ओगटेको अर्थात आधा आकाश ढाकेको महिला वर्गको विकासको लागि नेपाल सरकारका साथै विभिन्न गैर सरकारी संस्थाहरु लागि परिरहदा पनि यो राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रही आएको छ । २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत महिला रहेको भएतापनि यिनिहरु सामाजिक, आर्थिक, राजनैतिक दृष्टिकोणले पछाडि परिरहेको छन् । नेपाली महिलाहरु घर देखि बाहिर जस्तो शिक्षा, स्वास्थ्य, जागिर जस्ता क्षेत्रमा कम पहुँच र कम सूचना र सेवाहरु प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रुपमा महिला र पुरुषमा विभेद देखिएको पाइन्छ ।

दलितले निम्न स्तरको नागरिक सरहको व्यवहार भोग्नु परेको छ अर्थात छुवाछुतको भावनालाई स्वीकार गर्न परिरहेको छ । यति मात्र नभई सार्वजनिक स्थलहरुमा माथिल्ला जातिका व्यक्तिहरुलाई भेट्दा उनीहरुसँग छोइन्छ की भनी टाढाबाट हिड्नुपर्ने अवस्था अझै पनि पूर्ण रुपमा समाप्त हुन सकेको छैन । यसलाई (विश्वकर्मा, २०६४)  ले यसरी व्यक्त गर्नु भएको छ : दलित महिलाहरु सदिऔंदेखि पितृसत्तात्मक सामाजिक संरचना र जातिय छुवाछुतबाट पिडित छन् । नेपालमा सामाजिक मुल्य र मान्यता अनुसार महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा राखिएको छ । त्यसकारण दैनिक जीवनमा दलित महिलाहरुले धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । उनीहरुलाई शोषीत पिडीत भई बाँच्न विवश पारिएको छ । पहीलो त उनीहरु महिला भएकै कारण,दोश्रो जातका आधारमा,तेस्रो कमजोर आर्थिक अवस्थाका कारण पछाडी परेका छन् । फलस्वरुप उनीहरु भूमी अधिकारबाट समेत बञ्चित भएर राज्यको निर्णय प्रक्रिया तथा साधन, स्रोतमा पहुँच नहुनु, लैङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, चेलिवेटी बेचविखन र यौन शोषणको शिकार हुन बाध्य छन् । दलित समुदायमा रहेका केही महिला र बालबालिकाहरु देह व्यापार तथा बँधुवा मजदुरका रुपमा काम गर्न बाध्य छन् ।

दलित महिलाहरु शदिऔं देखि पितृसत्तात्मक सामाजिक संरचना र जातिय छुवाछुतबाट पिडित छन् । त्यसकारण दैनिक जीवनमा यहाँका महिलाहरु धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । पहिलो त उनीहरु महिला भएकै कारण, दोश्रो जातका आधारमा तथा तेश्रो कमजोर आर्थिक अवस्थाका कारण यहाँका सार्की महिला पछाडि परेका छन् । यस सन्दर्भमा (विश्वकर्मा, २०६२) भन्नु हुन्छ : आज समाजमा दलित महिलाहरुको स्थिति सबै भन्दा नाजुक रहेको छ । उनीहरु शोषण र चर्को दमन सहन बाध्य बनेका छन् । एकातिर दलित भएको कारण सांस्कृतिक रुपमा विभेदमा पर्नु, अर्को तर्फ महिला हुनुका कारण विभेदमा पर्नु र झन दलित महिला भएको कारण विभेदमा पर्नुले उनीहरुले त्रीपक्षीय शोषण सहनु परेको छ ।

दलित महिलाहरु सामाजिक रुपमा बहिष्कृत हुनुको कारण यहाँका अधिकांश महिलाहरु जातीय भेदभाव र छुवाछुतबाट आक्रान्त छन् । मन्दिर, कुवा, धारा, सार्वजनिक स्थान र यहाँसम्मकी सरकारी विद्यालयहरुमा पनि उनीहरुलाई ढुक्कसित प्रवेश गर्न दिइँदैन र दिदाँ पनि अनेक भेदभाव गरिन्छ । उनीहरुले माथिल्लो जातकहाँ आगँनमै बसेर खानुपर्दछ, आफै भाँडा माझ्नुपर्दछ र भाँडाहरु सुकेपछि मात्र भित्र लगिन्छ । यस गाउँमा रहेको रुढीवादी परम्पराहरुले गर्दा सभा-समारोह, मेला, जात्रा, नाचगान, आदि सबै जसो ठाउँमा अहिले पनि दलित र दलित

महिलाहरु खुल्ला र सामुहिक रुपमा सहभागी हुन पाउँदैनन् । उनीहरुले सार्वजनिक होटलमा समेत खाना खाएपछि आफै भाँडा माझ्नुपर्छ । समग्रमा भन्दा सामाजिक क्षेत्रमा उनीहरु अहिले पनि उपेक्षित र अपहेलित छन् । यसै सन्दर्भमा (गुरुङ्ग, २०६५) भन्नु हुन्छ : स्थानीय विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानीय विविधताको कारणले गर्दा साँस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपी ग्रामिण भेगका मानिसहरु अन्य ठाउँका भन्दा असुविधाबाट बढी बञ्चित छन् । अर्कातिर सामाजिक बहिष्करणको आधार राज्यद्वारा सम्बन्धित जातिय विभेद भएको छ । दुई कारक तत्वहरु, भुगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरु उब्जिरहेका छन् । त्यसो हुँदा, एक जना झाँक्री प्रथा मान्ने मानिस वा बुद्ध धर्माबलम्बीले बेंसी वा शहरमा बस्ने हिन्दुको तुलनामा दुई गुणा धेरै विभेद खेपिरहेको हुन्छ । यहाँ चर्चा गरिएका सामाजिक वहिष्करणका कारक राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रहरु एक आपसमा सम्बन्धित छन् । राज्यको सिद्धान्त नै यस्तो औजार हो, जसले राजनीतिमा उच्च जातिको एकाधिकारमा टेवा पुऱ्याइरहेको छ । यस्तो व्यवस्थाले तल्लो जात र आदिवासी जनजातिलाई आर्थिक क्षेत्रवाट सीमान्तीकरण गर्दछ । ती मध्ये अधिकांश गरीब हुने भएकाले शिक्षामा पनि उनीहरुको पहुँचमा कम हुन्छ र गरीवीको दुष्चक्रमा फसिरहेका हुन्छन् ।

दलित समुदायका धेरै जसो महिलाहरुले सार्वजनिक सेवामा प्रवेश पाएका छैनन् । गाउँघरमै कृषि, मजदुरी, ज्यामी काम, दाउरा काट्ने, खर काट्ने जस्ता न्युन आय हुने काम गरी आफ्नो दैनिक जीवन गुजारा गरीरहेका छन् । उनीहरुलाई सिमित दायरा भित्र राखिएको छ । खेतबारी कम भएको कारणलेगर्दा र परम्परागत कृषि प्रणालि भएको कारणले गर्दा यहाँका सार्की समुदायलाई आफ्नो खेतबारीको अन्नले खान पुग्दैन त्यसैले उनीहरु ज्याला मजदुरीमा हिड्नु पर्ने हुन्छ । यसरी पुरुष सरह समान काम गरेपनि ज्याला चाहिँ असमान रहेको छ । त्यसैले पनि यहाँका सार्की महिलाहरु आर्थिक रुपमा कमजोर छन् । लैङ्गिक असमानताको कारणले शिक्षामा राम्रो पहुँच छैन । उनीहरु लैङ्गिक असमानताले गर्दा पनि वहिष्कृत भएका छन् । यस सन्दर्भमा (रावल, २००८)भन्नु हुन्छ यो कुरामा शंका मान्न सकिदैन कि दलितहरुको सांस्कृति र भाषिक अधिकारलाई राज्यले व्यवस्था गरेको छ । यद्यपी बहिष्करणलाई सतहीकरण गरिनु हुदैन अथवा यसलाई महिला र पुरुष जस्तै लैङ्गिक बनाइनु हुदैन । समावेशीकरण र बहिष्करणलाई जन्मजात आएको भनेर बुझीनु हुदैन । यो समावेशीकरण र बहिष्करणलाई छलफल गरीनु पर्दा यस्ता मान्यता र भिन्नतालाई जाति र जनजातिमा जकडिएर राखेको छ ।

जसलाई समावेशीकरण र बहिष्करणमा परिभाषित गरिएको छ । नेपालमा भएका सामाजिक भेदभाव सम्वन्धि प्रर्याप्त लेखहरुले पनि यसमा ध्यान दिएको पाइदैन । समाज जाति र जनजाति सम्वन्धि धारणामा रहेर लेख रचना बनाइएका छन् । त्यसलाई थोरै मात्रामा ध्यान दिएको छ । त्यस्ता लेख रचनाले झन यस्तो खालका तर्कहरु दिएका छन की बाहुन र क्षेत्री चाही समावेशीवर्गमा पर्दछन् भनेर तर्क दिएका छन् । एउटा यस्तो वर्ग छ की जसलाई वहिष्कृत गर्न सकिएको छ भने अर्को तर्फ हेर्दा त्यसलाई अन्त्यष्करण गर्न सकिएको छैन ।

दलित महिलाहरुको शैक्षिक स्थिति पछाडि पर्नुमा पारिवारिक कार्यको वोझ, सानो उमेरमै विवाह गरिदिनु जस्ता कारणहरु पनि रहेका छन् । जनचेतनाको कमिले गर्दा धेरै सन्तान जन्माउने र ती सन्तानहरुको पालन-पोषण गर्नु पर्ने वाध्यताका कारण पनि यहाँका सार्की महिलाहरुको शिक्षा तथा स्वास्थ्यमा प्रतिकुल असर परेको छ । यसै सन्दर्भमा (सिंजापति, २०६२) भन्नु हुन्छ : शिक्षाले मान्छे भित्र रहेको ज्ञान चक्षुलाई खोली चेतनशिल बनाउने मात्र होइन यसले मान्छे भित्र रहेको हरेक संभावनाको ढोकालाई खोलीदिन्छ । मान्छे भित्र लुकेर बसेको विचार, सिप र भावनालाई मूर्त रुप दिन ठूलो मद्दत गर्दछ । हजारौं वर्ष देखी शिक्षा जस्तो आधारभूत आवश्यकता देखि पूर्ण रुपमा चर्चित दलित समुदायको शैक्षिक स्तर नै कहाली लाग्दो छ । दलित पूरुषहरु समेत अशिक्षित भएको बेलामा दलित महिलाहरुको शैक्षिक स्थिति सुधार नहुनुमा राज्य यन्त्र नै दोषी छ । सेभ.द. चिल्ड्रेन, यु.एस.ले केही वर्ष अगाडी गरेको सर्वेक्षण अनुसार दलितहरुको साक्षरता प्रतिशत केवल १०.६ प्रतिशत थियो । एक्सन एड र टिम कन्सल्टले केही जिल्लामा गरेको सर्वेक्षण अनुसार दलितहरुको साक्षरता प्रतिशत बढेर करिब १८ प्रतिशत पुगेको देखिएको छ । त्यस्तै महिलाहरुको शैक्षिक स्थिति पछाडी पर्नुमा उनीहरुको आर्थिक स्थिति, कुपोषणको कारणले स्वास्थ्यको प्रतिकुलता, पारिवारिक कार्यको बोझ, सानो उमेरमानै विवाह आदी दलित महिलाहरुको साक्षरता प्रतिशत वृद्धि नहुनुका प्रमुख कारणहरु हुन ।

दलित महिलाहरु प्रथमत : साक्षरता वाटनै बञ्चित छन् भने अर्को तिर उनीहरु घर धन्दामै सीमित हुनुपर्ने वाध्यताका कारणले सामाजिक तथा अन्य काममा सहभागी हुनफुर्सदनै पाउँदैनन् । त्यसैले सार्की महिलाहरु सार्की पूरुष भन्दापनि धेरै तल परेका छन् । राजनैतिक रुपमा पनि सार्की महिलाले राम्रो स्थान पाउन सकेका छैनन् । यसै सन्दर्भमा (ताम्राकार, २०६३) भन्नु हुन्छ  पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला वर्गको स्थिति मानव

अधिकारको दृष्टिकोणले अत्यन्तै चिन्ता जनक छ । उनीहरु आत्म निर्णयको अधिकारबाट त बञ्चित छन् नै अर्कातिर राज्यको शासन पद्धतिमा भौतिक प्रतिनिधित्वबाट समेत पर बस्न विवश छन् । उनीहरुलाई केवल पारिवारिक घेरा र चुलोचौकोमा मात्र सिमित राखिएको छ । देशको सम्पूर्ण जनसंख्याको करिब आधा भन्दा बढी जनसंख्या ओगट्ने महिलाको सार्वजनिक अङ्गमा प्रतिनिधित्व हेर्दा नगन्य मात्र देखिन्छ । त्यसमा पनि दलित महिलाको स्थिति तर्फ हेर्दा उनीहरुको स्थिति झन सोंचनीय छ । दलित महिलाको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति अत्यन्त दयनिय छ । राज्यको सम्पूर्ण जनसंख्याको एक महत्वपूर्ण भाग ओगट्ने दलित महिलाको नाजुक सामाजिक, आर्थिक तथा राजनीतिक स्थितिले वर्तमान युगको माग असल शासनको मर्यादा माथि प्रत्यक्ष असर पारेको कुरामा दुई मत छैन । उपरोक्त तथ्यवाट प्रस्ट हुन्छकी दलित महिलाहरु समाजमा बहिस्कृत भएर तेश्रो दर्जाको नागरिक सरह बाँच्न वाध्य भएका छन् ।

यसै रणनीति अनुरुप नै घरानियाहरु आफुलाई जन्मजात तीक्ष्ण बुद्धिको र अरुलाई बोधो दिमागको भन्ने कुरा देखाउने प्रयास गरिरहन्छन् । यसै प्रयासको  परिणाम स्वरुप उपल्लो जातका केटाकेटीहरु स्कुलमा उच्च अङ्कका साथ पास हुन्छन् भने दलितहरुको हातमा असफलता मात्र हात लागेको हुन्छ । यो देखेर हामी साँच्चै उपल्लो जातका केटाकेटीलाई तीक्ष्ण बुद्धिका तथा दलितहरुलाई बोधो दिमागका भन्ठान्छौं । तर वास्तवमा उपल्लो जातकाहरुको साँस्कृतिक सम्पत्ति अनुसार चल्ने हुनाले उनका केटाकेटीलाई स्कुल सधैं सहयोगी बनिरहेको हुन्छ तर दलितहरुसँग उपल्लो जातकाहरुसँग जस्तो सांस्कृतिक संपत्ति नहुने हुनाले दलित केटाकेटीका लागि भने स्कुल कुनै सहयोगी भूमीका खेल्दैन, बरु असहयोग नै गर्छ । परिणाम स्वरुप उपल्लो जातका केटाकेटी स्कुलमा सजिलै उच्च अंक हासिल गर्न सक्छन भने दलितहरु सधैं पछाडि परिरहेका हुन्छन् । यसरी साधन, श्रोत तथा शक्तिमाथिको आफ्नो आधिपत्यलाई निरन्तर कायम राखिरहन उपल्लो जातकाहरुले अपनाइ आएको एउटा उपायको रुपमा पनि लिन सकिन्छ दलित बहिष्कार र विभेदलाई (पराजुली, २०६३)

दलित वर्ग भनेको हिन्दुहरु वीचकै शिल्पि या पेशागत जातहरु हुन् । दलित शब्दलाई परंपरागत रुपमा सवभन्दा तल्लो जात जनाउने र अपमानजनक अर्थ राख्ने शब्दको रुपमा प्रयोग गरिएको छ । जातिय विभेदले गर्दा उनीहरु सामाजिक रुपमा बहिष्कृत छन् , आर्थिक रुपमा बिपन्न छन् र राजनीतिक रुपमा सीमान्तकृत छन् । (गुरुङ्ग ,२००३)

दलित समुदाय पछाडी पर्नु भनेको समाजनै अपाङ्ग हुनु हो । शरीरको कुनै पनि अंग असक्त भए पछि त्यसलाई उपचार गर्ने तिर लाग्न परे जस्तै समाजका दलित र त्यसमा पनि दलित महिलाको उपचार तीर लाग्नु पर्दछ । अवसरबाट वञ्चित समुदायलाई राज्यले विशेष जिम्मेवारीका साथ हेर्दै विकास र सु-शासनको मुल धारमा ल्याउनु पर्दछ । सो अनुसार नीति तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । (चौधरी, २०६२)

दशौ पञ्चवर्षीय योजनाले दलित सम्बन्धी स्पष्ट परिभाषा नदिएता पनि दलितहरुको अधिकारलाई सुनियोजित गर्न पहल गरेको छ । नेपाल सरकारले नेपाल दलित आयोगको स्थापना १९६३ मा गरिसकेको छ । जसले कानूनी मान्यता प्राप्त गरेको छ । यो योजनावद्ध विकासले दलितहरुको सामाजिक न्यायलाई वकालत गर्दै योजनावद्ध रणनीतिहरु सरकारी र गैरसरकारी संस्थाहरुको संयुक्त प्रयासबाट समुदायमा विभेदहरु पत्ता लगाई जातीय विभेदीकरणलाई अन्त्य गर्ने प्रतिवद्धता समेत जाहेर गरेको छ । (Folmar, 2007)

नेपालका अधिकांश दलितहरु जीउनका लागि संघर्षरत छन् र सरकारी सेवा वा आधारभूत सुविधाको अभावमा अत्यन्त गरिबीमा बाँचिरहेका छन् । सुविधाको अभाव जस्ता समस्याहरु आर्थिक तथा सामाजिक असमानताका परिणाम मान्न सकिन्छ । ऐतिहासिक तथा वर्तमान अवस्थाका कारण अधिकांश दलित समूदाय जग्गा विहिन र आयश्रोत विहिन अवस्थामा रहेका छन् । शिक्षामा पहुँचको अभाव र उनीहरुको परम्परागत उत्पादन बजार निरन्तर खस्कनुले पनि दलित समुदायका अधिकांश व्यक्तिहरु आर्थिक कठिनाइको सामना गरिरहेका छन् । कानूनत : नेपालमा जातिय विभेदका सबै स्वरुपहरु निर्मूल भइसकेको भनिएतापनि दलित समुदायका व्यक्तिहरु माथिल्लो जातका समुदायले थोपरेका मन्दिर प्रवेश वा सार्वजनिक सेवाहरुको प्रयोगमा लगाइएका प्रतिबन्धहरु पालना नगरेको बाहनामा भौतिक रुपमा निसाना बनाइदै आएका छन् । (वुढाथोकी,२०६६)

भेदभाव तथा छुवाछुतका अभ्यासहरु नेपालमा गैह्र कानूनी छन् । तर मुलुकका धेरै भागमा हिन्दू जाति व्यवस्था भित्र सबै भन्दा तल्लो तहमा रहेका कथित दलितहरुलाई समाजका अन्य समूहहरुले जस्तो अधिकार तथा स्वतन्त्रताको उपभोग गर्न नसक्ने 'अछुत' को रुपमा संझने तथा व्यवहार गर्ने गरिएको छ । यस्ता अभ्यासहरु गैह्र कानूनी भएपनि सांस्कृतिक तगाराहरु संरचनागत गरीबी र प्रहरी अन्य राज्य अधिकारीहरुले गरेको अपर्याप्त कारवाहीले पिडीतलाई

न्याय प्राप्त गर्नवाट वञ्चित गरेका छन् । यस बाहेक भेदभावको मुद्दालाई उपयुक्त तरिकाले संबोधन गर्न तथा जातियताको आधारमा भेदभाव गर्नेहरुलाई सजाय दिने उपयुक्त कानुनी संरचनाको अभाव पनि यस संबन्धमा प्रगती हासिल गर्न थप अबरोध बनेको छ । जातीयता स्वभावैले वंशगत हुन्छ । यो जन्मको आधारमा निर्धारण गरिएको अपरिवर्तनीय स्वभाव र सोंचमा अडेको हुन्छ । जात तथा जातीयताले कठोर सामाजिक प्रचलन र प्रणालीलाई अंकित गर्दछ । सिंगो समाजलाई विभिन्न समुदायमा विभाजन गरी विवाह, वंश र पेशाको निर्धारण गर्दछ । जातीय प्रणालीलाई बसोवास खानपान कामकाजमा सिमाङ्कन तथा सुनिश्चितता वहिष्कार र तिरस्कार बढाउदै लैजान्छ । द्वन्द्व स्थितिको सृजना हुन्छ । जातीय विभाजनबाट कथित तल्लो जातमा पारिएका मानिसहरु शारीरिक रुपमा एउटै हुन्छन् । यहाँ कालो र गोरोको मात्र समस्या होइन । बरु चरम आर्थिक शोषण र गरिबीको कारण सामाजिक चेतना उठ्न सकेको हुदैन । यसैले सामाजिक स्तर वृद्धि गर्ने सवालमा पूर्ण रुपमा वाधा पुऱ्याएको हुन्छ । जातीय विभेद वा जातिवाद वंशगत रुपमा जन्मको आधारमा गरिने हुनाले यो विदेशी मुलका नागरिक प्रति पनि त्यत्तिकै केन्द्रित-लक्षित हुन्छ । (लाम्गादे, २०६१)

महिला र खासगरी केटीहरुका लागि स्कूली शिक्षा र अन्य प्रशिक्षण कार्यक्रममा उनीहरुलाई फुर्सत भएको वेलामा पढाउने प्रयास गरिएमा मात्र सानै उमेर देखि खेतमा र घरमा काम गर्नु पर्ने र ज्यालादारी गरी खानु पर्ने गरीव केटी तथा महिलाहरुले पढ्न अथवा नयाँ कुरा सिक्न सक्नेछन् । (आचार्य, २०४१ )

मानिसको उत्पत्तिबाट नै जात जाति बीच भेदभावको भावना भएको पाइदैन । त्यस बेलाको समाजमा मानिसहरुले आफ्नो गुण र योग्यताका आधारमा विभिन्न पेशागत कार्यहरु गर्दै आएका भएतापनि नत वर्ण व्यवस्था थियो नत कुनै जातिका कारणले मानिस मानिसका वीचमा उचनिचको व्यवस्था नै थियो । हिन्दु धर्म ग्रन्थका अनुसार एउटै 'विश्वरुप' का अवनयबाट चारै वर्णहरुको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वपप्रथम ब्राह्मणको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाँघ बाट वैश्य र खुट्टाहरुबाट शुद्र जन्मे । (खत्री, २०४४)

एघारौं शताब्दी पछि मुसलवानहरुको आक्रमणबाट बच्नकालागी भारतका हिन्दुहरु नेपालको पहाडि भागमा प्रवेश गरे पश्चात खेति, व्यापार र उद्योगका निम्ति काठमाडौ उपत्यका भएको र त्यसै अनुरुप श्रम विभाजन पनि यहा नै सबै भन्दा बढी विकसित भएकोले सबभन्दा पहिले

लिच्छविकालको आखिरमा वर्ण विभाजनको व्यवस्था नेपालमा पस्यो भने राज्य स्तरमा वर्ण व्यवस्थालाई व्यवस्थित गर्ने काम नेपालको मध्यकालमा जयस्थिति मल्लको पालामा काठमाडौं उपत्यकामा नै भएको देखिन्छ । भारतमा मुसलमानसँगको युद्धमा मार खाएर ज्यान जोगाउनको निम्ति नेपालको पश्चिमी पहाडी भागबाट हिन्दूहरु नेपाल भित्रिएको कारण जातिय भेदभाव नेपालको पूर्वी भागमा भन्दा पश्चिमी भागमा चरम सिमामा भेटिन्छ । नेपालका दलित जातिहरु मध्ये पहाडी मुलका दमाई, कामी, सार्की, गाइने र वादी तथा मधिसे मुलका मुसहर, चमार, खुत्वे, दुसाद, धोवी, कानु आदिलाई मानिन्छ । साथै काठमाण्डैं उपत्यकाको पोडे, च्यामे, कुसले, कसाई, हारहुरे आदि पनि दलित मुलका मानिस हुन । (विश्वकर्मा, २०५७ )

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौ नियम चलाए । जस्तै  पहिरनको विषयमा कसाई जातले वाहाँकाटेको लुगा लगाउन, पोडे जातले टोपी, लवेदा, जुत्ता सुनको गहना नलगाउन, कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउनु, यस्ता घरमा नबस्नु, फेरी आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए । (बुढाथोकी, २०३९)

उच्च हिन्दू जातिहरु ब्राम्ह्ण, क्षेत्री, जैसी, ठकुरीका अतिरिक्त मगर, गुरुङ्ग अति अछुत वर्ग दमाई, कामी, सार्की बस्ने गाउँमा निम्न जातिहरु जटिल सामाजिक नियमका साङ्लाहरुले बाँधिन बाध्य भएका छन् भने उच्च जातिहरु धेरै स्वतन्त्र छन् । रातो रगत र तातो सास एउटै भए पनि सामाजिक नियमले गर्दा उच्च र निम्न जाति दुई फरक दिशामा रहेको पाइन्छ । शुरुमा एउटै शरीरबाट उत्पन्न भएका मानवहरु वीचमा जातीय छुवाछुतको प्रथाले विदाई पाउन सकेको छैन । तरपनि शारीरिक रुपमा अर्कालाई नछोई विभिन्न कार्यहरुको विनिमय भने हुने गर्दछ । (Caplan, 1972)

उत्प्रेरणाको अभावले गर्दा मानिसको व्यक्तिगत उत्तरदायित्वको आत्मानुभूति नगर्न सक्दछ । भाग्यवादी संस्कारको बलियो रेखाभित्र सीमित हुनाले मानिसहरुले आफू कुनै सीमामा नबाँधिइकन एक अर्कामा नजिक भएको अनुभव गर्दछन् । नेपालीहरुको हरेक क्रियाकलापमा भाग्यवाद केन्द्रविन्दु रहेकोले निर्णय स्वतन्त्र हुदैनन् । निर्णयको कुनै छनौट कुनै घटना पनि खुला हुदैनन् । मानिस जन्मेपछि गर्ने कार्य, हुने कार्यलाई भाग्यको खेलको रुपमा लिइन्छ । जातीय स्तरीकरण भएको हिन्दु समाजमा उच्च जातिमा जन्मे उच्च सम्मान र निम्न जातिमा जन्मे निम्न सम्मान पाइने कुरा सामान्य व्यवहारमा नै रहेको छ । यसरी सामाजिक सम्बन्ध

स्थापित गर्न पनि जन्मदाखेरीको भाग्यलाई नियालिन्छ । आर्थिक विकासका विभिन्न पक्षमा पनि यस संस्कारले प्रभाव पार्दछ । कार्य विना नै सुख पाउनु पर्दछ भन्ने विश्वास हिन्दू धर्माबलम्बिहरुले लिएको पाइन्छ । हाम्रो समाजमा तल्ला जातका मानिस बढी परिश्रमी रहेको पाइन्छ । ब्राम्ह्णहरुले भन्दा तिव्र गतिमा तल्लो वर्गका मानिसहरुले आर्थिक विकास गरेका उदाहरणहरु पनि छन् । विश्व बजारमा पनि तल्ला वर्गले आफ्नो सो उपलब्ध गराएको पाइन्छ (विष्ट १९९१)।

हिन्दु धर्ममा जातिय वर्गीकरणका आधारमा विभिन्न कामहरु विभाजन गरिएको छ । मनुस्मृतीमा उच्च जातिले आर्थिक उत्पादन हुने कडा काम गर्न हुदैन भन्ने कुरालाई जोड दिएको छ । भागवत गीतामा मानिसले प्रतिफलको आशा नगरी काम गर्नु पर्दछ भन्ने कुरालाई उल्लेख गरिनुले मानिसले कामलाई जोड दिएनन् फलस्वरुप प्रगति हुन सकेन । समाज परम्परागत रुपमा अगाडि बढ्यो ।  (विष्ट, १९८९)

## २.१ सामाजिक लिङ्ग सम्बन्धी अध्ययनहरु

लैङ्गिक अवधारणामा महिला र पुरुष बीचको सम्बन्धलाई व्याख्या, विश्लेषण र अध्ययन गर्दछ । लैङ्गिक अवधारणाले महिला सम्बन्धी अवधारणा मात्र नभएर सम्पूर्ण महिला र पूरुष दुबैबाट समाजले अपेक्षा गरेको भूमिकालाई नै जनाउँछ । वास्तवमा जेन्डरले नारी र पुरुषका सामाजिक साँस्कृतिक विशेषताहरुलाई जनाउँछ । नारी र पुरुष जन्मजात निर्धारणा भए तापनि जेन्डर चाहि जन्मजात निर्धारणा हुने होईन बरु लिङ्गका आधारमा व्यक्तिसंग जोडेर आउँने सामाजिक मूल्यमान्यता, भूमिका तथा विशेषताहरुको समष्टिगत रुप नै जेन्डर हो । (भासीन, २०१२)

महिलालाई आइमाई जात वा आइमाइको जात र पुरुषलाई पुरुष जात वा लोग्ने जात गरी बुझीने गरिएको र महिलालाई पुरुषको तुलनामा अशुद्ध मानिएको छ । सामाजिक लिङ्ग निर्माणको प्रक्रियामा सामाजिक र सांस्कृतिक पक्षको प्रभाव पर्दछ । विशेषगरी महिनावारी तथा बच्चा जन्माउदाको समयमा महिलालाई अशुद्धताको धारणाबाट हेरिने गर्दछ । जसले गर्दा महिलालाई पुरुषको भन्दा निम्न स्तरको वर्गका रुपमा स्तरीकृत गरिएको छ भने अर्कातिर तल्ला जातका महिलाहरुको तुलनात्मक रुपमा कम सामाजिक इज्जत भएको र अशुद्धताको

स्थिति तल्लो जात भएकोले झन बढी छ । तल्ला जातका महिलाहरु उपल्ला जातका महिलाका तुलनामा जातिय आधारमा पनि अशुद्ध मानिन्छन् । तल्ला जात प्रति गरिने अछुतको व्यवहारले पनि तल्ला जातका महिलाहरु झन पछि परेको देखिन्छन् । तल्ला जातका महिला प्रतिका विभेद, असमानता, अशुद्धता स्तरीकरणलाई सामान्य लैङ्गिक आधारमा मात्र विश्लेषण गरेर पुग्दैन । यसलाई जातिय आधारमा रहेको सम्बन्धको विश्लेषण आवश्यक छ । यसका साथै समग्रमा महिलाहरुको सम्पत्ति माथिको कम पहुँच रहेकोले लैङ्गिक भूमिकामा यसले महिलाहरुलाई कमजोर पारेको छ । (Camaron, 1998)

महिलाहरुलाई शिक्षा आवश्यक छ शिक्षाबाट सबैकुरा उपलब्ध हुन्छ भनिएपनि शैक्षिक अबस्थामा अबरोध हुनाले अर्थात बहुसंख्यक बालिकाहरुले ,जो शिक्षा हाशिल जस्तो जीवनमा अतिआवश्यक अबसरवाट वञ्चित भएका हुन्छन् ; सामाजिक, आर्थिक र राजनीतिक परिपाटीमा उपलब्ध अबसर र अधिकारको उपयोग गर्न सक्दैनन् । आर्थिक कठिनाइका कारण छोरा र छोरीकै शिक्षामा कटौति गर्नु पर्ने हुँदा उनीहरु विद्यालयको पढाई छोड्न बाध्य हुन्छन । (सुबेदी,२०५९)

समाहित शिक्षा भन्नाले सबै किसिमका बालबालीकालाई एउटै कक्षा कोठामा राखि उनीहरुको आवश्यकताको पहिचान गरी सोही वमोजिम गुणात्मक शिक्षा दिने एउटा पद्धती हो । नेपालको सन्दर्भमा शिक्षा प्रतिको पहुँच नपाएका केटा केटीहरु को हुन र उनीहरुलाई कसरी समाहित गर्ने भन्ने वारे २०६० साल फागुनमा शिक्षा विभागमा एउटा गोष्ठिको आयोजना गरिएको थियो । उक्त गोष्ठिले १३ ( द्वन्द्व पीडित , घरेलु मजदुर , सडक वाल वालीका , बाल श्रमिक ,अपाङ्ग ,भौगोलिक रुपले पिछडिएका , टुहुरा , शरीर बेचबिखन गर्ने ,रोग ग्रस्त , दलित , महिला , जनजाति , गरीब ) किसिमका बाल बालीकालाई समाहित शिक्षाको माध्यमवाट शिक्षा प्रतिको पहुँच भित्र पुऱ्याउनु पर्ने आवश्यकता पहिचान गरेको थियो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोश्रोमा समाहित शिक्षा परिक्षणका रुपमा शुरु गरिएता पनि “सबैका लागी शिक्षा ”(२००४) कार्यक्रमको शुरु देखिनै विद्यालय स्तरमा यो कार्यक्रम लागु गरिएको छ । हाल २२ जिल्लाका २१० वटा विद्यालयमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रममा शिक्षाको अवसरबाट वञ्चित सबै वाल बालीकालाई एउटै कक्षा कोठामा राखी उनीहरुको आवश्यकता अनुसारको गुणात्मक शिक्षा दिन सक्ने कक्षा कोठा र शिक्षाको व्यवस्था गरी शिक्षा सम्बन्धमा समान अवसर प्रदान गर्ने नीति रहेको छ । (सेरिड, २०६३)

शिक्षा एउटा दियो हो, जसले अन्धकारलाई हटाई उज्यालो बनाउँछ। एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउँछ। त्यसकारण महिलाहरुको लागी शिक्षा नितान्त आवश्यक हुन्छ। (आचार्य ,१९९७)

पैत्रिक सम्पतिमा समान अधिकार नहनु, महिलालाई सन्तान जन्माउने औजारको रुपमा हेरिनु, छोरी जन्मदा आमा छोरी दुबैलाई हेला गरिनु र स्याहार नगरिनु, छोरा भन्दाभन्दै धेरै सन्तान जन्माउन बाध्यपारिनु, दाइजो प्रथाका कारण हेला-होचो गरिनु, बालविवाह र बहु विवाह लादिनु जस्ता घरायसि बिभेद र शोषणमा दलित महिला पिल्सिरहेका छन । वर्गीय उत्पीडनमा पर्नुका साथै दलित समुदायकै पुरुषबाट शोषित छन् । दलित भित्रकै उपजातिय बिभेदवाट समेत आक्रान्त छन्। (किसान , २००६ )

शैक्षिक संस्थाहरुमा दलित महिला र पुरुषहरुले बेहोर्नु परेका जातीय विभेदहरुमा सञ्चालक समीतिमा नराख्ने, शिक्षण पेशामा निरुत्साहन गर्ने, भर्ना हुन निरुत्साहन गर्ने, कक्षामा प्रवेश गर्न निरुत्साहन गर्ने, रोजगारीमा निषेध, छात्रवृत्तिमा अपर्याप्तता, छात्रवृत्तिमा अनियमितता, विद्यालयको खेलकुदमा अनियमितता, विद्यालयको सांस्कृतिक कार्यक्रममा राम्रो अवसरबाट बञ्चित गर्ने, विद्यालयमा पौष्टिक आहार खुवाउँदा बच्चाहरुलाई संगै नराख्ने, विद्यालयमा पानीको भाँडा छुन नदिने जस्ता विभेदहरु छन् । जातीय विभेदका कारणले दलित पुरुषहरुकै शैक्षिक स्तर न्यून भएको अवस्थामा दलित महिलाको शैक्षिक स्तर झनै न्युन हुनु नेपाल जस्तो जातीय र लैंङ्गिक विभेद भएको मुलुकमा कुनै आश्चर्यको कुरा भएन। (भट्टचन, २०६०)

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ । यस नगरपालिका वडा नं. ८ लाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यस वडामा दलित जाति लगायत जनजाति ब्राह्मण, क्षेत्री सन्यासी जस्ता अन्य जातजातिहरुको पनि बसोबास छ । यहाँ दलित जातिको वस्ती बाक्लो छ । त्यसैले दलित जाति र दलित महिलालाई अध्ययनमा छानिएको छ । यस वडामा दलित मध्य दमाई, कामी र सार्की जाति बसोबास गर्दछन् । यस वडामा दलित जातिहरुको १२० घर धुरी र जनसंख्या ६०० रहेको मा सार्की जातिको मात्र ५६ घर धुरी र ३३६ जनसंख्या रहेको छ । त्यसमा पनि सार्की महिलाको संख्या जम्मा २०२ र पुरुषको संख्या जम्मा १३४ रहेको छ । यस क्षेत्र शोधकर्ताको पूर्व परिचित क्षेत्र पनि हो । त्यसैले यस क्षेत्रमा सूचना सङ्कलन गर्न सजिलो हुने हुँदा यस गोरखा नगरपालिका वडा नं. ८ लाई नै अध्ययन क्षेत्र छनोट गरिएको हो । यो वडामा रहेका सार्की महिलाहरुको शिक्षाको अवस्था के कस्तो छ त्यो कुरा जान्ने उत्सुकता हुनाका साथै ती जातिका महिलाहरुको दैनिक जीवन के कसरी गुज्रीरहेको छ भन्ने वारे अध्ययन गर्नकोलागि यो क्षेत्रको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि स्थान विशेषको निश्चित पक्षको अध्ययनका लागि निश्चित पद्धति अपनाउनु पर्ने भएकाले निम्न पद्धति लिइएको छ । सो सम्बन्धित क्षेत्रका सार्की महिलाहरुको बारेमा यो भन्दा अगाडी अध्ययन नगरिएकाले यो अध्ययन समग्रमा आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, पेशा, परिवार, विवाह, भू-भाग लगायतका अन्य विविध पक्षहरुलाई समेट्न पर्ने भएकाले अनुसन्धानका विभिन्न ढाँचाहरुलाई अंगिकार गरिएको छ । यो अध्ययन गर्नकालागि अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाहरु अपनाइएको छ । सार्की महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्न वर्णनात्मक अनुसन्धान ढाँचा र दलित महिलाले बिचैमा पढाइ छोड्ने र कक्षा दोहोराउने अवस्थाको विश्लेशष गर्न साथै सामाजिक संस्थामा दलित महिलाहरुको संलग्नता र भूमिकाको अध्ययन गर्न अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र श्रोतहरु

यस अध्ययनका लागि आबश्यक तथ्यांङ्कहरु दुई प्रकारका श्रोतबाट (प्राथमिक र द्धितिय) लिइएको छ । अध्ययनको लागि आवश्यक प्राथमिक श्रोतमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा अन्तर्वार्ताका बाट अवलोकन, वैयक्तिक अध्ययन र समुह छलफल विधिबाट तथ्यांङ्क लिइएको छ। द्धितिय श्रोतमा सहकारी संस्था, जि.वि.स. र विभिन्न सरकारी कार्यालय, तथ्यांङ्क विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न संञ्चार माध्यमका सुचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्धानबाट लेखिएका सम्बन्धित पुस्तकका साथै विषयबस्तुसँग सम्बन्धित भएका शोधपत्र आदिको सहयोग लिइएको छ ।

## ३.४ अध्ययनको इकाई, समग्र र नमुना छनोट

यस अध्ययन सार्की जातिका महिलाहरुमा आधारित छ । त्यसैले वडा नं ८ मा बसोवास गर्ने सार्की जातिका महिला यस अध्ययनको इकाई हो । यस वडा नं ८ मा २०२ घरधुरी रहेकोमा सार्की जातिको जम्मा ५६ घरधुरी रहेको छ जुन यस अध्ययनको समग्र हो । जसमा जनगणना बिधि प्रयोग गरी ५६ घरधुरीलाई नै नमुनाको रुपमा छनोट गरी प्रत्येक घरधुरी बाट एक एक जना महिलालाई छनोट गरी ५६ उत्तरदाताले दिएका उत्तरमा आधारित भई यो अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनका लागि अनूसन्धान कर्ता स्वयंले स्थलगत अध्ययन अनूसन्धान गरी निम्न विधिहरु प्रयोग गरि तथ्याङ्क संकलन गरिने छ । निम्न लिखित विधिहरु तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको छ ।

### ३.५.१ अर्न्तवार्ता

यस अनुसन्धानमा सम्बन्धित क्षेत्रका दलित बस्तिका ५६ घर परिवारका महिला सदस्यसँग प्रत्यक्ष रुपमा सम्बन्धित विषयमा तयार पारिएका प्रश्नहरुका आधारमा उत्तरदाता र शोधकर्ता विच दोहोरो वार्तालाभका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ। साथै आवश्यकता अनुसार ब्याक्तिगत तथा सामुहिक दुवै खाले अर्न्तवार्ता लिइएको छ । यस अध्ययन विधिमा अन्तरवार्ताको महत्वलाई दृष्टिगत गरि यस जातिका महिलाको सामाजिक, आर्थिक र शैक्षिक

अवस्थासँग सम्वन्धित तथ्याङ्कहरु संकलन गर्न यो पद्धति अपनाइएको छ । त्यस्तै शिक्षा क्षेत्रमा सार्की जातिका महिलाको स्थिति दलित महिलाले बिचैमा पढाइ छोड्ने र कक्षा दोहोराउने अवस्था र  सामाजिक संस्थामा दलित महिलाहरुको संलग्नता र भूमिका आदिका बारेमा तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरु व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गई आफ्नै कानले सुनेर, देखेर, महसुस गरेर तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागी अवलोकन भनिन्छ । यसै सहभागी अवलोकन विधिबाट गोरखा नगरपालिका वडा नं. ८ मा बसोबास गर्ने सार्की समुदायको सामाजिक अवस्था, पोशाक र खानपानको बारेमा तथ्याङ्क संकलन गर्नको लागि यस विधिलाई प्रयोगमा ल्याइएको छ । यस प्रकारको तथ्याङ्क संकलन विधिबाट बढी भरपर्दो, सही, औचित्यपूर्ण सत्यतथ्यको ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ । किनभने अध्ययन कर्ताले आफूले देखेका, सुनेका तथा अनुभव गरेका कुराहरुको आधारमा तथ्याङ्क संकलन गर्दछ ।

### ३.५.३  मुख्य जानकार व्यक्तिसंगको अन्तरवार्ता

शिक्षा क्षेत्रमा सार्की जातिका महिलाको स्थिति २० बर्ष पहिले र अहिलेमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा बुझ्न सार्की जातिका ४ जना आमाहरुसँग अन्तरवार्ता लिइएको छ भने हालको अवस्थालाई थप उजागर गर्न पढदै गरेका छोरी समुहबाट ११ र १२ मा पढ्दै गरेका एक एक जना सार्की छात्रा हरुको अन्तरवार्ता लिइएको छ । यसको साथ साथै यो अनुसन्धानलाई अझ बढी विश्वसनिय बनाउनको लागि त्यस गाउँको श्री माहालक्ष्मी उच्च मा.वि.का प्राचार्य वा शिक्षकसँग अर्न्तवार्ता लिइएको छ ।

## ३.६ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण

क्षेत्रगत अध्ययनको क्रममा संकलीत तथ्यांकलाई तिनीहरुको प्रकृतिको आधारमा वर्गीकरण गरी गुणात्मक तथ्यांकहरुलाई ब्याख्या र विश्लेशण तथा संख्यात्मक तथ्यांकहरुलाई तालिकामा समावेश गरि विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यस अनुसन्धान पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गोरखा जिल्लाका गोरखा नगरपालिका वडा नं. ८ मा सीमित रहनेछ । यस वडामा बसोबास  गर्ने ब्राह्मण, क्षेत्री, सन्यासी, दलित, जनजातिहरु छन् । ति जातहरु मध्ये दलित र त्यसमा पनि महिलाको मात्र अध्ययन गरिएको छ । महिलाको सामाजिक स्थिति र शैक्षिक अवस्थाका विषयमा अध्ययन गरिनेछ । यस अध्ययन अन्य वडा, गा.वि.स. र अन्य जिल्लामा रहेका दलित महिलालाई प्रतिनिधित्व नगर्न सक्छ । अन्य क्षेत्रमा अध्ययन गर्न यस अध्ययनले रोक्ने छैन बरु सहयोग गर्नेछ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

यस अध्यायमा अध्ययन क्षेत्रको एक परिचय गराईएको छ साथै यसै अध्यायमा नै तथ्यहरुको विश्लेषण पनि गरिएको छ । भौगोलिक स्थिती अनुसार गोरखा जिल्ला २७ ° १५' उत्तर २८ ° ४५' पूर्व देखि ८४ ° ५८' पूर्वी देशान्तरमा अवस्थित छ। समुन्द्री सतह वाट करिव २२८ मिटर दक्षिण देखि ८१५६ मिटर उत्तरसंमको उचाइमा रहेर फैलिएको छ । भौगोलिक आधारमा मध्य पहाडी क्षेत्र देखि लिएर अत्यन्त विकट क्षेत्रहरु समेटिएका छन् । यस जिल्लाकको उत्तरमा चिन,पूर्वमा धादिङ्ग, दक्षिणमा चितवन, तथा नवलपरासी सपालिका पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल गोर्खा जिल्लामा पर्दछ । यो गोखा जिल्लाको सदरमुकाम भित्रै अवस्थित छ । यस गोर्खा नगरपालिकाको उत्तरमा ताप्ले र गाखु, पूर्वमा ताप्ले र बुङ्कोट ,पश्चिममा मिरकोट र खोप्लाङ ,उत्तरमा गाखुँ र छोप्राक, दक्षिणमा ताक्लुङ र बक्राङ अवस्थित छ । यस जिल्ला एक ऐतिहासिक पृष्ठभुमि भएको र पर्यटनको हिसावमा पनि अव्वल रहेको छ ।

यस गोर्खा जिल्लामा वाहुन, क्षेत्री, मगर, नेवार, गुरुङ्ग, सार्की, कामी, दमाई, ठकुरी, घर्ती, तामाङ्ग, मुस्लिम, चेपाङ्ग, दराई, माझि, घले, कुर्मी ,लिम्वु, कुमाल, थारु, थकाली आदि जातिहरुको वसोवास रहेको पाईन्छ । नगरपालिकामा कुनै पनि जाति बिशेषको बसोबास स्थान नभई विभिन्न किसिमका जनजातिहरु ब्राह्मन, क्षेत्री, मगर, बिश्वकर्मा, सार्की, दमाई, गिरी, ठकुरी जनजातिको बसोबास भएको देखिन्छ । मगरहरु यहाँका आदिवासी हुन् । यस नगरपालिकामा १५ वटा वडाहरु रहेका छन् । यस शोधपत्रको अध्ययनको लागि वडा न. ८ को गाँउलाई छनौट गरीएको छ । यस अध्ययनको लागि छनौट गरिएको गाँउहरु दलभञ्याङ्ग, लक्ष्मीवजार, ठिउरेस्वारा, टक्सार पर्दछन् । हावापानी चिसो भएता पनि यहाँ सबै प्रकारको अन्नावली उत्पादन हुन्छ । साथै हाल नगदेवालीको तरकारी खेती ,पशुपालन,अंगुर,केरा खेती छन् । यी गाँउहरुको शैक्षिक अवस्थाको चर्चा गर्नु पर्दा यस क्षेत्रमा प्राथमिक विद्यालय २ ,माध्यमिक विद्यालय १, वहिरा विद्यालय १, उच्च माध्यमिक विद्यालय १,कलेज १ रहेको छ साथै निजी स्थरवाट संचालित १ माध्यमिक विद्यालय र १ प्राथमिक विद्यालय संचालनमा रहेको छ । पानीका धारा र शौचालय मात्र रहेका छन् । संचारको माध्यमको रुपमा हाल

मोवाइल फोन, विजुली, टि.भि र रेडियोको पहुँच पुगेको छ । यस क्षेत्रमा १ स्वास्थ्य चौकी र १ पशु सेवा कार्यलय पनि संचालनमा आइरहेको छ । साथै जिल्ला अस्पताल पुग्नको लागि १ घण्टाको पैदल दुरी साथै हरेक पन्ध्र मिनेटमा सवारी साधनहरु उपलव्ध भैरहन्छ । थप यवं जटिल उपचाारको लागि भने राजधानी नै पुग्नु पर्दछ ।

यस गाउँमा विभिन्न जात जाती तथा जनजातिहरु एक आपसमा मिलेर बसेको देखिन्छ । साथै यि सबै जनजातिहरुको आ-आफ्ना चाडपर्व, रीतिरिवाज, संस्कृत, रहनसहन रहेको छ र यि सबै जनजातिहरुमा एक अर्काको संस्कृति आदान प्रदान भएको देखिन्छ । ब्राहमण, क्षेत्रीहरुको बिबाह, ब्रतवन्ध तथा अन्य सामाजिक कार्यमा अन्य जातिहरु सहभागी हुने गरेको देखिन्छ । जसले गर्दा यस नगरपालिका मा सामाजिक सास्कृतिक एकता भएको देखिन्छ । यस अध्ययन क्षेत्रका दलित जातिले विषेश गरी ब्राहमण, क्षेत्री जातले अवलम्वन गरेको संस्कृतीक पक्षलाई नै ग्रहण गरेको  पाइन्छ । यहाँ दलित जातिको रुपमा सार्की , दमाई ,कामी,सुनार रहेको र उनीहरुको सामाजिक कार्यमा क्षेत्री वाहुनलाई पनि निमन्त्रणा गर्दछन् तर उनीहरुको लागि भोजनको व्यवस्था अलग्गै गर्ने गरेको पाईयो । यस क्षेत्रमा पनि विश्वव्यापिकरण तथा आधुनिकीकरण को प्रभाव बढदै गएको देखिन्छ । जस्तै स्थानीय बासीहरुले स्थानीय उपभोग्य वस्तुहरुको प्रयोग गर्नुको सट्टा वाह्य वस्तुहरुको उपभोग गरेको देखिन्छ । खाजामा रोटी, मकै, कोदो, जाँड, महि, दुध, रक्सीको सट्टा कफी, चिया, विस्कुट, चाउचाउ, कोक जस्ता उपभोग्य वस्तुको प्रयोग गर्ने गरेको देखिन्छ । दौरा-सुरुवाल, फरिया को सट्टा पाइन्ट, भेष्ट लगाउने गरेको पाईन्छ । भजन, पुजापाठ, झ्याँक्री, तिजको नाचको स्थानमा पप् गीत तथा टेलिभिजनको सिको गरेको पनि देखिन्छ ।

## ४.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्था

जातीय एवं सांस्कृतिक विविधताले भरिपूर्ण यस जिल्लाका अधिकांश बासिन्दाहरुको सामाजिक रितिरिवाज हिन्दु धर्ममा आधारित छ । शैक्षिक दृष्टिले यहाँका ६६.३४ प्रतिशत मानिसहरु मात्र शिक्षित छन् । पुरुष ७५.०९ र महिला ५९.४४ प्रतिशत साक्षर छन् । जन्म मृत्यु संस्कार पनि सनातन हिन्दु धर्म प्रणालीमा आधारित छ । कूल देवताको पूजा गर्न, धामीझ्याँक्री, बोक्सी र भूतप्रेत मसान जस्ता अज्ञात शक्तिमा विश्वास गर्ने, मन्त्र जादु, टुनाहरुमा विश्वास राख्ने यहाँको पूर्ख्यौली चलन अझ पनि निरन्तर रुपमा चलेको पाइन्छ । वैवाहिक प्रक्रिया हेर्दा मागी विवाह, स्वेच्छिक विवाह, बहुविवाह, जारी विवाह, अदालती विवाह गरेको पाइन्छ । उमेरको

हिसावमा औषत १५ वर्ष पुगेका केटाकेटीहरु समेत विवाह गरेको पाउनु परम्परागत सामाजिक संस्कृतिक संरचनायुक्त समाजको प्रतिविम्ब हो भन्न सकिन्छ । भाषाको दृष्टिकोणले हेर्दा नेपाली भाषा सबैको साझा भाषाको रुपमा बोलिन्छ । यसै गरी गुरुङ्ग र मगर समुदायमा कतै-कतै गुरुङ्ग अनि मगर भाषाको नै  प्रयोग गरेको पाइन्छ । जन्म मृत्यु विवाह चाडपर्व आदि पनि जाती अनुसार फरक रहेको पाइन्छ । यसरी सामाजिक रुपमा हेर्दा पनि यो जिल्ला विविधताले भरिएको जिल्ला हो ।

## ४.२  आर्थिक अवस्था

जिल्लाको कूल जनसंख्या २,२७,०६१ मध्ये पुरुष १२१,०४१ र महिला १५०,०२० रहेको मा आथिक रुपले सक्रिय जनसंख्या ३३ प्रतिशत रहेको छ । यस जिल्लाका अधिकांश जनताहरुको जिविकोपार्जनको मुख्य पेशा कृषि नै रहेको ९० प्रतिशत जनता कृषिमा संलग्न रहेको तथ्यबाट पुष्टि हुन्छ । १० प्रतिशत जनता मात्र अन्य पेशा व्यवसाय वा रोजगारीमा आधारित छन् । यस जिल्लाको कुल भूभागको ३८.६४ प्रतिशत भूमिमात्र खेती योग्य रहेको छ । परम्परागत कृषि प्रणाली, आकाशे पानीमा निर्भर हुनु पर्ने बाध्यता भिरालो बलौटे जमिनका कारण प्रयाप्त मात्रामा कृषि उत्पादन नहुनाले करिब १७ प्रतिशत मानिसहरुले वर्षभरीलाई खाना पुग्ने उत्पादन गरेको पाइन्छ । यसैगरी करिब १७ प्रतिशत व्यक्तिहरुलाई उत्पादनको ६ महिनासम्म हातमुख जोर्न पुग्छ भने ४६ प्रतिशत मानिसहरुलाई ६ महिना भन्दा कम खाना पुग्ने खेती उत्पादन हुने तथ्यले यस जिल्लाको कमजोर आर्थिक स्थिति प्रष्ट्याउछ । मुख्यतया कृषि उपजमा खेतीपाती ,कुखुरा पालन ,तरकारी खेती, रहेको देखिन्छ । समग्रमा हातमुख जोडाईको समस्यामा संघर्षरत गाउबासीको आर्थिक स्थिति कमजोर छ । जसको प्रत्यक्ष प्रभाव शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा परेको देखिन्छ । नेपाल जनसंख्या २०६७ को तथ्याङ्क अनुसार आर्थीक अवस्था झल्कने गोरखा नगरपालिका को केही आधारहरु देहाय वमोजिम छ ।

## ४.३ जनसंख्या स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कूल जनसंख्या २,२७,०६१ मध्ये पुरुष १२१,०४१ र महिला १५०,०२० रहेको मा जम्मा दलितहरुको जनसंख्या ४३,९१६ पुरुष १९,६६९ र महिला २४,२४७ रहेको रहेको छ । गोरखा नगरपालिकाको कुल जनसंख्या ३२,४७३ रहेकोमा पुरुषको संख्या १४,७१३ र महिला संख्या १७,७६० रहेको छ । जसमध्ये दलित

जातीहरुको जनसंख्या ५,६०५ मा पुरुष २,५३० र महिला ३,०७५ छ । नगरपालिकाको जातीगत जनसंख्या निम्नानुसार रहेको छ ।

**तालिका नं. १ जातिय आधारमा गोर्खा नगरपालिकाको जनसंख्या वर्गिकरण**

| क्र.सं. | जातिहरु | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | क्षेत्री | ५५९० | २५०० | ३०९० |
| २ | ब्राह्मण | ४१४० | १९५७ | २१८० |
| ३ | मगर | ५४७५ | २३४९ | ३१२६ |
| ४ | थारु | १०४ | ६५ | ३९ |
| ५ | तमाङ्ग | १०३६ | ४७५ | ५६१ |
| ६ | नेवार | ३४१८ | १५५९ | १८५९ |
| ७ | मुश्लिम | २९५ | १४८ | १४७ |
| ८ | कामी | १४१९ | ६५८ | ७६१ |
| ९ | राई | ५६ | ३५ | २१ |
| १० | गुरुङ्ग | २७५६ | ११६९ | १५८७ |
| ११ | दमाई | ८१० | ३६३ | ४४७ |
| १२ | लिम्वु | १८ | ५ | १३ |
| १३ | ठकुरी | ८१ | ४५ | ३६ |
| १४ | सार्की | ३२१२ | १४३० | १७८२ |
| १५ | तेली | ५१ | ३८ | १३ |
| १६ | चमार | २२ | १६ | ६ |
| १७ | कोइरी(कुश्वाह) | २७ | १४ | १३ |
| १८ | कुर्मी | १३ | १३ | ० |
| १९ | सन्यासी | ६२१ | २८० | ३४१ |
| २० | ब्राह्मण (तराई) | १८ | १५ | ३ |
| २१ | काथवानियन | २३ | १० | १३ |
| २२ | घर्ती | २६१ | १२४ | १३७ |
| २३ | कलवार | १७ | १० | ७ |
| २४ | कुमाल | २०८७ | ९३४ | ११५३ |
| २५ | हजाम | २२ | १८ | ४ |
| २६ | कानु | २० | १८ | २ |
| २७ | सुनवार | २४ | १६ | ८ |
| २८ | नुयना | ९८ | ८७ | ११ |
| २९ | दराइ | ४६ | १६ | ३० |
| ३० | थकाली | १४ | ५ | ९ |
| ३१ | वंगाली | १४ | ९ | ५ |
| ३२ | वराम | १२८ | ६२ | ६६ |
| ३३ | गाइने | ८४ | ३० | ५४ |
| ३४ | वादी | ४५ | २२ | २३ |
| ३५ | घले | २५२ | १२० | १३२ |
| ३६ | दलित अन्य | ३४ | १७ | १७ |
| ३७ | अन्य | १३१ | ७४ | ५७ |
| ३८ | विदेशी | ११ | ७ | ४ |
| | **जम्मा जनसंख्या** | **३२,४७३** | **१४,७१३** | **१७,७६०** |

स्रोतः के. त. वि. २०६८

यस गोरखा नगरपालिकामा जम्मा ३८ जातिहरुको वसोवास रहेको छ र सवै भन्दा वढी जनसंख्या क्षेत्रीको ५५९० रहेको छ । मगरको जनसंख्या ५४७५रहेको छ । सवै भन्दा कम जनसंख्या कुर्मीको १३ रहेको छ र विदेशीको संख्या ११ पनि रहेको छ । यो जिल्ला ऐतिहासिक रहेको कारणले विदेशीको पनि वसोवास भएको प्रष्ट हुन्छ ।

**तालिका नं. २ जातिय आधारमा गोर्खा नगरपालिका वडा नं ८ को जनसंख्या**

| क्र.सं. | घरसंख्या | जाति | जनसंख्या | पुरुष | महिला | प्रतिसत |
|---|---|---|---|---|---|---|
| १ | ९० | क्षेत्री | ३१५ | १३५ | १८० | २२.०७ |
| २ | ४७ | व्राह्मण | १६५ | ७१ | ९४ | ११.५६ |
| ३ | ७० | मगर | २४५ | १०५ | १४० | १७.१७ |
| ४ | १५ | नेवार | ५३ | २३ | ३० | ३.७१ |
| ५ | ५ | घर्ती | १८ | ८ | १० | १.२६ |
| ६ | २० | सन्यासी | ७० | ३० | ४० | ४.९१ |
| ७ | ६० | सार्की | २५२ | १०२ | १५० | १७.६६ |
| ८ | ३५ | दमाई | १४८ | ६० | ८८ | १०.३७ |
| ९ | ९ | सुनवार | ३८ | १५ | २३ | २.६६ |
| १० | १५ | कामी | ६४ | २६ | ३८ | ४.४८ |
| ११ | १४ | अन्य दलित | ५९ | २४ | ३५ | ४.१३ |
| **जम्मा** | **३८०** | | **१४२७** | **५९९** | **८२८** | |

स्रोतः के. त. वि, २०६८

यस तालिका अनुसार गोर्खा नगरपलिका वडा नं. ८ मा जम्मा घरधुरी ३८० रहेको छ । यस वडा नं. ८ मा जम्मा ११ जातिहरुको वसोवास रहेको छ र सवै भन्दा वढी जनसंख्या क्षेत्रीको ३१५ रहेको छ । मगरको जनसंख्या २४५ रहेको छ । सवै भन्दा कम जनसंख्या घर्तिको १८ रहेको छ र सार्कीको संख्या २५२  रहेको छ ।

### ४.३.१ वडा नं ८ मा सार्कीको जनसंख्या

मेरो अध्ययन क्षेत्र गोरखा नगरपालिका को वडा नं ८ मा जम्मा घर धुरी ३८० मध्ये १३३ वटा दलित जातिको रहेको छ । उक्त १३३ घर मध्ये ६० घर सार्की जातिको रहेको छ जसको जनसंख्या यस प्रकारको छ ।

**तालिका नं. ३ अध्ययन क्षेत्रको दलित जातिहरु को जनसंख्या**

| **उमेर समुह** | **पुरुष** | | **महिला** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | **सं** | **प्र** | **सं** | **प्र** | **सं** | **प्र** |
| ०-५ | १८ | १८ | २८ | १९ | ४६ | १८ |
| ६-१५ | २८ | २७ | ४० | २७ | ६८ | २७ |
| १६-३० | २० | २० | ३० | २० | ५० | २० |
| ३१-६० | २२ | २१ | ३३ | २२ | ५५ | २२ |
| ६१-माथि | १४ | १४ | १९ | १२ | ३३ | १३ |
| **जम्मा** | **१०२** | **१००** | **१५०** | **१००** | २५२ | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७३

यस तालिका अनुसार गोर्खा नगरपालिका वडा नं. ८ मा सार्की जातिको जम्मा ६० घरधुरी रहेको छ जस्मा जम्मा २५२ जनसंख्यामा ५ वर्ष भन्दा कम उमेरका पुरुष १८ जम्मा जनसंख्याको १८ प्रतिशत र महिला २८ जम्मा जनसंख्याको १९ प्रतिशत गरी जम्मा ४६ जम्मा जनसंख्याको १८ प्रतिशत रहेको छ । ६ देखि १५ वर्षका  पुरुष २८ र महिला को संख्या ४० गरी जम्मा ६८ जम्मा जनसंख्याको २७ प्रतिशत रहेको छ। १६ दखि ३० वर्षका  पुरुष २० र महिला ३० गरी जम्मा संख्या ५० जम्मा जनसंख्याको २० प्रतिशत रहेको छ । ३१ देखि ६० वर्षका  पुरुष २२ र महिला ३३ को संख्या गरी जम्मा ५५ जम्मा जनसंख्याको २२ प्रतिशत रहेको छ । र ६१ वर्ष माथिको पुरुष १४ र महिला १९ को संख्या गरी जम्मा ३३ जम्मा जनसंख्याको १३ प्रतिशत रहेको छ । कम उमेरका व्यक्तिहरुको संख्या वढेको यस दलित जातिहरुको जनसंख्या पनि दिनानु दिन वृद्धि हुदै गएको छ भन्ने प्रष्ट हुन्छ । त्यसैले हरेक उमेर समुहमा महिलाकै जनसंख्या उच्च रहेको छ ।

## ४.४ सार्की समुदायका महिलाहरुको शैक्षिक स्थिति

शिक्षा जीवन भर चलिरहने प्रक्रिया हो । आजसम्म संसारमा जति पनि विकास, निर्माण तथा वैज्ञानिक चमत्कार भैइरहेका छन् त्यो सबै शिक्षाले गर्दा नै भएको हो । शिक्षा बिना समुन्नत समाजको कल्पना समेत गर्न सकिदैन । त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाले गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमूख स्थान दिनुपर्दछ । शैक्षिक दृष्टिले नेपालमा दलित जातिहरु निकै पछाडी परेका छन् यी सार्की जातिहरु पनि आर्थिक रुपबाट दयनिय भएको कारणले गर्दा र जनचेतनाको कमीले गर्दा यीनिहरुको शैक्षिक स्थिति निकै कमजोर रहेको छ । सामाजिक रुपमा अछुत मानिएका सार्कि जाति महिलाको शैक्षिक अवस्था निकै पछाडि परेको देखिन्छ । शिक्षालाई सांस्कृतिकको आधारमा कसले पढ्न हुने र कसले पढ्न नहुने भनेर छुट्याइएका कारण दलित महिलाहरु शिक्षाबाट पनि बञ्चित छन् । अहिले आएर मात्र केही दलितहरुले पढेर समस्यालाई उजागर गरेपछि दलित महिलाहरु शिक्षा लिन थालेका छन् ।

आफ्नो पालामा आफ्ना जातिलाई विद्यालय जान रोक लगाएको थियो भनेर केही बृद्धहरु बताउँछन । हाल विद्यालयमा प्रवेश गर्नबाट रोक नलगाएको भएता  पनि आफ्नो जातिको कुनै व्यक्तिले पनि धेरै नपढेकोले पनि आफ्ना सन्तानलाई पढाउन त्यति ध्यान दिएनन् । अध्ययन स्थलका सार्की जाति महिलाहरुको शैक्षिक गतिविधिलाई निम्न तालिकाबाट देखाइन्छ  ।

**तालिका नं. ४ –सार्की समुदायका महिलाहरुको शैक्षिक स्थितिको बिबरण**

| क.सं. | शैक्षिक योग्यता | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | ८ | २७ |
| २. | साक्षर | १० | ३३ |
| ३. | प्रा.वि. | ७ | २३ |
| ४. | नि.मा.वि. | २ | ७ |
| ५. | मा.वि | १ | ३ |
| ६. | उच्चशिक्षा | २ | ७ |
| **जम्मा** | | **३०** | **१००** |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

यस क्षेत्रका महिलाहरु ८ जना निरक्षर, १० जना  साक्षर ,७ जना प्रा.वि., २ जना नि.मा.वि.,१ जना मा.वि. २ जना उच्चशिक्षा हाशिल गरेका छन् । यो नमुना सर्वेक्षण भएको जनसंख्याको

२७ प्रतिसत निरक्षर , ३३ प्रतिसत साक्षर, २३ प्रतिसत प्रा.वि. शिक्षा हासिल गरेका , ७ प्रतिसत नि.मा.वि. शिक्ष ३ प्रतिसत मा.वि.  हासिल गरेका ,७ प्रतिसत उच्चशिक्षा हासिल गरेका छन् । अधिकांश निरक्षरहरु ३५ वर्ष माथिका मात्र छन् । तर गाउंमा विभिन्न सरकारी तथा गैहसरकारी वाट संचालित प्रौढ शिक्षाको माध्यमवाट साक्षर भएको पाईयो । गाउंमा वढ्दै गएको चेतना र विभिन्न सरकारी तथा गैहसरकारी वाट प्राप्त आर्थीक तथा भौतिक सहयोग वाट विद्यालय जाने र शिक्षाको स्तर वढाउनेकार्य वढदैगएको पाइयो ।

अहिले पनि आर्थिक अभावको कारणले गर्दा निरक्षर महिलाको संख्या नै धेरै देखियो । साक्षर महिलाको संख्या पनि धेरै नै पाइयो । यसको तुलनामा कम मात्रामा मात्र शिक्षित महिलाको संख्या देखा परेको अध्ययनमा पाइन्छ ।  समग्रमा महिलाहरुको साक्षरता दर कम र निरक्षरको दर बढी हुनुमा घरको कामकाजमा सहयोग गर्नुपर्ने, घरमा भएका अन्य बालबालिकाहरुलाई स्याहार- सुसार गर्नुपर्ने र विवाह गरेर अर्काको घरमा पठाउने भएकाले आमा बाबुले छोरीलाई स्कूल नपठाउने प्रथाले गर्दा महिलाको साक्षरता दर कम भएको पाइन्छ । यस समाजमा धेरै महिला शिक्षित नभए पनि बालबच्चालाई भने सबै  घर परिवारले नै विद्यालय नै पठाएको पाइयो । यस समाजको सकराक्मत पक्षलाई हेर्ने हो भने शिक्षाको स्तर वढ्दै गएको र पौढ शिक्षा लाई थप संचालन गर्ने हो भने हाल भैरहेको निरक्षर दर र संख्या दुवै घटाउने सक्ने संभावना पनि प्रशस्त देखिन्छ ।

## ४.५ सार्की समुदायमा बालिकाहरुलाई विद्यालय पठाइएको अवस्था

देशको राजनीतिक क्रान्ति संगै शिक्षामा आएको परिवर्तनले विस्तारै सार्की जातीको चेतनामा पनि बृद्धि भएको देखिन्छ । विभिन्न राजनीतिक पार्टी, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, गाविस तथा जि.शि.का लगायतका विभिन्न शिक्षा संग सम्बन्धित संस्थाहरुले संचालन गरेका विभिन्न कार्यक्रमको प्रभावका कारण सार्की जातीले पनि आफ्ना बालबालिकाहरुलाई शिक्षा दिने काममा केही हदसम्म भएपनि अग्रसर हुन थालेको पाइएको छ । यसै संदर्भमा उतरदातालाई अहिले तपाईको पढाइप्रति कस्तो धारणा छ भनि सोधिएको प्रश्नमा उतरदातावाट निम्न जवाफ पाईयो जसलाई तलको तालिकामा देखाउने प्रयास गरिएको छ ।

**तालिका नं. ५ सार्की समुदायमा बालिकाहरुलाई विद्यालय पठाइएको अवस्था**

| क्र.सं. | विद्यालय पढ्न पठाउनेको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफैले बुझ्रेर | १५ | ५० |
| २ | अरुको सिको गरेर | ८ | २७ |
| ३ | छिमेको सल्लाह पाएर | ५ | १७ |
| ४ | अन्य | २ | ६ |
| | जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

उतरदातालाई अहिले तपाईको पढाइप्रति कस्तो धारणा छ भनि सोधिएको प्रश्नमा उतरदातावाट ५० प्रतिशत उत्तरदाताहरुले आफैले बुझ्रेर बालबालिकाहरुलाई पढाउन पठाएको पाईयो, २७ प्रतिशत उत्तरदाताहरुले अरुको सिको गरेर आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाएको पाईयो, १७ प्रतिशत उत्तरदाताहरुल छिमेकीको सल्लाह पाएर आफ्ना बालबालिकाहरुलाई विद्यालयमा पठाउने गरेको र ६ प्रतिशत उत्तरदाताहरुले अन्य कारणले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने दलित भित्रको पनि दलित दमाई जातीले शिक्षा प्रति केही हदसम्म भएपनि सकारात्मक सोच राखेको र केही चेतनाको विकास भएको थाहा पाउन सकिन्छ ।

## ४.६ विचैमा विद्यालय छोड्ने कारण

अध्ययन क्षेत्रमा उतरदातालाई बिचैमा विद्यालय छोडेको भए छोड्नु पर्ने कारण के के थियो भनि सोधिएको प्रश्नमा सार्की जातीका महिलाहरुले पढ्दा पढ्दै विचैमा विद्यालय छोड्ने विभिन्न कारणहरु रहेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका नं. ६ विचैमा विद्यालय छोड्ने कारण

| क्र.सं. | विद्यालय छाड्ने कारण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक अभाव | १५ | ५० | |
| २ | समाजिक कारण | ६ | २० | |
| ३ | परम्परागत काममा लागेर | ५ | १७ | |
| ४ | अन्य | ४ | १३ | |
| | जम्मा | ३० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका नं. ६ अनुसार उतरदातालाई बिचैमा विद्यालय छोडेको भए छोड्नु पर्ने कारण के के थियो भनि सोधिएको प्रश्नमा सार्की जातीका महिलाहरुले पढ्दा पढ्दै विचैमा विद्यालय छोड्ने विभिन्न कारणहरुमा ४० प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको आर्थिक अभावको कारण देखाएको पाईयो, २५ प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको सामाजिक कारण देखाएको पाईयो, १५ प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको परम्परागत काम गर्नु परेकोले र २० प्रतिशत उत्तरदाताहरुले बालकालिकाहरु विचैमा विद्यालय छोड्ने गरेको अन्य कारण भएको पाईयो । यसले गर्दा दमाई जातीमा हालसम्म पनि शिक्षामा सुधार हुन नसकेको प्रष्ट हुन आउछ ।

## ४.७ शिक्षाकोलागी आर्थिक जुटाउने माध्यम

यस नगरपालिकाको यस वडामा बसोबास गरेका सार्की जातीका उतरदाताहरुलाई तपाई छोराछोरी सबैलाई विद्यालय पठाउनु हुन्छ कि हुँदैन ? पठाउनु भएको छ भने पढाइ खर्च कसरी जुटाउनु हुन्छ भनि सोधिएको प्रश्नमा निम्न कारण रहेको पाईयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ७ शिक्षाकोलागी आर्थिक जुटाउने माध्यम**

| क.सं | माध्यम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफैले | १३ | ६५ |
| २ | विद्यालयबाट पाएको | ४ | २० |
| ४ | संघ/संस्थाबाट | १ | ५ |
| | जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका नं.७ अनुसार जातीका उतरदाताहरुलाई तपाई छोराछोरी सबैलाई विद्यालय पठाउनु हुन्छ कि हुँदैन ? पठाउनु भएको छ भने पढाइ खर्च कसरी जुटाउनु हुन्छ भनि सोधिएको प्रश्नमा ६५ प्रतिशत उत्तरदाताहरुवाट आफ्ना बालबालिकाहरुको शैक्षिक कार्यमा आफैले खर्च गर्नु परेको पाईयो, २० प्रतिशत उत्तरदाताहरुले विद्यालयबाट आर्थिक सहयोग पाउने गरेको पाईयो, १० प्रतिशत उत्तरदाताहरुले गाविस, जि.शि.का.बाट सहयोग पाउने गरेको पाईयो र ५ प्रतिशत उत्तरदाताहरुले अन्य संघसंस्थाबाट आर्थिक सहयोग पाउने गरेको पाईयो । जसले गर्दा दमाई जातीका बालबालिकाहरु शिक्षा क्षेत्रमा पछाडी परेको अवस्थालाई नकार्न मिल्दैन ।

## ४.८ विद्यालयमा दलित विद्यार्थीलाई गरिने व्यवहार

दलित समुदायमा पनि शिक्षाको महत्वको बारेमा जानकारी छ, आफ्ना छिमेकमा र अन्य जातिका व्यक्तिहरू पढेर ठूलो मान्छे भएको उनीहरूले देखेका छन् । फलस्वरुप आफ्ना केटाकेटीहरुलाई पनि विद्यालय पठाउने गर्दछन् । तर विद्यालयमा उनीहरूको साथी संगत को हुन्छन् ? अन्य जातिका विद्यार्थीहरूले कस्तो व्यवहार गर्दछन् भन्ने बारेमा तथ्यांक संकलन गरिएको थियो । यसबाट पनि छुवाछूतको असरलाई मुल्याङ्कन गर्न सकिने हुनाले सो तथ्यांकलाई तल निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८ विद्यालयमा कामी विद्यार्थी प्रतिको व्यवहारको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| माथिल्लो जातिसँग संगत गर्ने | ४ | १३ |
| सवै जातिसँग | २२ | ७४ |
| आफ्नै जातिसँग मात्र | ० | ० |
| थाहा नभएमा | ४ | १३ |
| जम्मा | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३ ।

यस तालिका अनुसार माथिल्लो जातिसँग संगत गर्ने ४ (१३%) जना, सवै जातिसँग संगत गर्ने २२ (७४%) जना आफ्नै जातिसँग गर्ने १ जना पनि छैन । आफ्नो छोराछोरी कुन जाति सँग संगत गर्दछन् भनि प्रश्न गर्दा थाहा छैन भन्नेको संख्या ४ (१३%) रहेको छ । यस तालिकामा सबै जातिसँग संगत गर्नेको संख्या बढि छ ।

## ४.९ अभिभावकले पढाइमा गर्ने सहयोग

अध्ययन स्थलका अभिभाबकहरुले आफ्ना छोराछोरीलाई पढाइमा पूर्ण रुपमा सहयोग गर्न नसके तापनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरेको पाइयो । शिक्षित तथा अशिक्षित जुनसुकै बाबु आमाले पनि विभिन्न तरीकाबाट आफ्ना बच्चा बच्चीलाई पढाइमा सहयोग गरेका रहेछन् । जुन तालिका नं. ९ बाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका नं. ९ अभिभावकले पढाइमा गर्ने सहयोग**

| **क्र.सं.** | **सहयोग** | **घर संख्या** | **प्रतिशत (%)** |
|---|---|---|---|
| १ | गृहकार्य गराएर | १० | ३३ |
| २ | नियमित अध्ययन गराएर | ११ | ३७ |
| ३ | काममा छुट दिएर | ६ | २० |
| ४ | अन्य | ३ | १० |
| | जम्मा | ३० | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ९ मा देखाए अनुसार गृहकार्य गराएर सहयोग गर्नेको संख्या १० रहेको छ जुन जम्मा संख्याको ३३ प्रतिशत हुन्छ । नियमित अध्ययन गराएर सहयोग गर्नेको संख्या ११ रहेको छ जुन जम्मा संख्याको ३७ प्रतिशत हुन आउछ । काममा छुट दिएर सहयोग गर्नेको संख्या ६ रहेको छ जुन जम्मा संख्याको २० प्रतिशत हुन आउँछ । अन्य तरिकाबाट सहयोग गर्नेको संख्या ३ रह्यो जुन जम्माको १० प्रतिशत हुन्छ ।

यस अध्ययनबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कूलमा चाहिने सामानहरु उपलब्ध गराएर बच्चा बच्चीलाई स्कूल पढ्न सहयोग गरेको पाइयो । अन्तरवार्ताबाट पाइएको जानकारी अनुसार छोरा र छोरीमा भेदभाव भएर पढ्न कठिनाई  नभएको तर भाइबहिनी आफू भन्दा साना भएका कारणले गर्दा आमालाई केही बढी सहयोग गर्नु पर्ने, आर्थिक अवस्था पनि कमजोर भएको हुनाले स्कुल विदा हुदाको दिन अरुको घरमा ज्यालामा  काम गर्न जानु पर्ने भएकोले आफूले समय मिलाएर पढ्नु पर्छ भन्ने जानकारी पाइयो । दलित भए पनि पढेर अरु सरह अगाडी बढ्नु पर्छ भन्ने धारणा रहेकोले घरमा पढ्न हौसला दिनुहुन्छ । आमाले मैले नपढेर दुःख पाएँ अब तिमी छोरीहरु राम्रोसँग पढेर अगाडी बढ्नु पर्दछ भन्नु हुन्छ भन्ने जवाफवाट पनि प्रस्ट हुन्छकी सार्की समुदायकाछोरीहरुलाई वर्तमान समयमा छोरा सरह पढ्ने अवसर रहेको छ । घरमा काम गर्न सघाउनु परे पनि पढ्नु पर्दछ भन्ने धारणा रहेकोले उपल्ला जाति सरह अघी वढ्नु पर्दछ भनि स्कूल पठाएको पाइयो ।

पढेका छोरीहरु आय मूलक काममा लागेका छन् की छैनन् ? भन्ने प्रश्नको जवाफमा सम्पूर्ण घरधुरीबाट एउटै जवाफ छैनन् भन्ने आयो । अध्ययन क्षेत्रका अभिभावकहरुले आफ्ना छोरीहरुलाई  स्कुल पढ्न पठाएको पाइयो । सार्की समुदायमा कुनै पनि महिलाहरु आय मूलक काममा लागेको पाइएन तापनि स्कूल पढ्दै गरेका छोरीहरुले भने भविष्यमा विभिन्न काम गर्ने जनाए । जसलाई यसरी प्रस्ट पारीन्छ :- दलित महिलामा स्वास्थ्य सम्वन्धि जानकारी त्यत्ति धेरैलाई छैन, यस गाउँबाट स्वास्थ्य क्षेत्रमा दलित महिलाहरु कोही पनि लागेका छैनन् । त्यसैले आफ्नै गाउँमा स्वास्थ्य सम्वन्धि सेवा गर्ने इच्छा छ  भन्ने जानकारी पाइयो । अर्को एकजनाले दलित महिलाबाट पढेर काम गर्नेको संख्या एकदम थोरै रहेको छ । हाम्रो गाउँमा पढेर राम्रो काम गर्ने दलित महिला कोही छैन । म भविष्यमा पढेर शिक्षिका हुने लक्ष्य राखेकी छु । मलाई हाम्रो जातिबाट पनि कोही महिलाले त सरकारी क्षेत्रमा काम गरोस् जस्तो लाग्छ । त्यसैले

मलाई पढाउने इच्छा छ भन्ने जवाफ दिइन यसवाट प्रस्ट हुन्छकी सार्की महिलाहरुमा हामीले पनि पढेर आय मुलक काम गर्नु पर्दछ र समाजमा इज्जत प्रतिष्ठाका साथ बाच्नु पर्दछ भन्ने धारणा रहेको पाइयो ।

## ४.१० पढ्नको लागी संघर्ष

सार्की जाति पनि पुरुष प्रधान भएकोले गर्दा छोरीलाई घरकोकाम वढी गर्नु पर्ने यथार्थ विद्यमान रहेको छ । त्यसैले यस जातिमा पनि छोरीलाई भन्दा छोरालाई वढी महत्व दिइन्छ । छोरालाई स्कुल पढाउन जति महत्व दिइन्छ छोरीलाई त्यतिदिइँदैन । यदि छोरी स्कुल जान्छन भने पनि स्कुल समयको अतिरिक्त घरायसी काम धन्दामा लाग्नु पर्ने हुन्छ । आज घरमा काम धेरै छ भने पनि छोरालाई स्कुल जान नरोकि छोरीलाइनै घर कुर्ने गाई वस्तुको स्याहार संभार गर्नु पर्ने ,संपूर्ण घरायसी कामको साथै ज्यालामा समेत काम गर्न जानु पर्ने हुन्छ । त्यसैले पढ्ने भनेको घरायसी कामको फुर्सदको समयमा मात्र देखिन्छ ।

**तालिका नं. १० पढ्नको लागि संघर्ष**

| क्र.सं. | संघर्ष | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | घरको काम सकेर स्कुल जानु पर्दथ्यो | १० | ३३ |
| २ | कापि कलम किन्न आफै ज्यालामा जानुपर्दथ्यो | ८ | २७ |
| ३ | घरमा धेरैकाम हुँदा स्कुल जान पाइँदैनथ्यो | ७ | २३ |
| ४ | विदाको दिन पनि ज्यालामा जानु पर्दथ्यो | ५ | १७ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

*नोट : शैक्षिक अवस्थामा परिवर्तन आएकोछ भन्ने धारणा भएका ३० जना महिलालाई मात्र लिइएको*

तालिका नं.१० अनुसार घरको काम सकेर स्कुल जानु पर्दथ्यो भन्नेको संख्या १० रहेको छ । यो जम्माको ३३ प्रतिशत हुनआउँछ । कापि कलम आफै किन्न आफै ज्यालामा जानु पर्दथ्यो भन्नेको संख्या ८ रहेको छ जुन जम्माको २७.प्रतिशत हुन्छ । घरमा धेरै काम हुँदा स्कुल जान पाइँदैनथ्यो भन्नेको संख्या ७ रहेको छ । जुन जम्माको २३ प्रतिशत हुन्छ । विदाको दिन पनि ज्यालामा जानुपर्दर्थ्यो भन्नेको संख्या ५ रहेको छ । जुन जम्माको १७ प्रतिशत हुन्छ । अध्ययन स्थलमा ३० महिला मध्ये २२ जनाले पढेको पाइयो । यी महिलाहरुमा पनि

धेरैले प्रा.वि. स्तरसम्म मात्र पढेको पाइयो । उच्च शिक्षा हासिल गर्न नसके पनि तीनिहरुले पढ्नको लागी संघर्ष नै गर्नु परेको बताए । धेरै महिलाहरु घरको काम सकेर स्कूल जानु पर्ने कापी कलम किन्नलाई आफै ज्यालामा काम गर्न जाने, विदाको दिनमा पनि उपल्लो जातिकोमा ज्यालामा जाने, घरमा धेरै काम हुँदा स्कूल नजाने अरुको घरमा काम गर्ने बताए । पढ्नको लागि कस्तो संघर्ष गर्नु परेको रहेछ भन्ने वारे विस्तृत रुपमा जानकारी लिन  पूर्ण कला नेपाली(नाम परीवर्तन गरीएको) संग लिइएको व्यक्तिगत अध्ययन

*" पूर्णकला नेपालीले कक्षा ३ उत्तीर्ण गर्नु भएको छ । उहाँले यो भन्दा धरै नपढ्नुको कारण माइतीमा आर्थिक अवस्था कमजोर भएकोले गर्दा, दलित महीलाले पढ्नु हुदैन भन्ने रुढीवादी मान्यता भएको कारणले गर्दा ,बाबु आमाले नपढाएर पढ्न नपाएको गुनासो गर्नुहुन्छ । यही ३ कक्षा उत्तीर्ण गर्दा सम्म पनि मैले धेरै दुःख गरेर पढें । स्कुलबिदाको दिन अरुकोमेलामा ज्यालामा जाने गर्दथें । घरमा धेरैकाम हुँदाको दिन स्कुलनै जान पाइँदैनथ्यो । बुवा आमाले नपढेपनि हुन्छ भन्नु हुन्थ्यो । त्यसैले मैले पढ्ने इच्छा हुँदाहुँदै पनि घरको काम गर्नु पर्ने बाध्यता भएको र पढ्ने उमेर मै विवाह भएकोले पढ्न पाइन ।  दलित महिलाहरुले पनि पढेर केही गर्नु पर्दछ,समाजमा अगाडी वढ्नु पर्दछ भन्ने धारणा उहाँको रहेको छ । यही सकारात्मक सोचाइले तथा आफूले धेरै नपढेर दुःख पाएको कारणले समाजमा पछि पर्नु परेकोले उहाँले छोरीलाई राम्रोसँग पढाउनु पर्दछ भन्ने धारणा  राख्नु भएको छ । धेरै नपढेको कारणले गर्दा मैले जति दुःख भोगे पनि अब छोरीले त्यस्तो दुःख भोग्न नपरोस र केही आय मुलक काम गर्न सकोस भन्ने लाग्छ । हाम्रो दलित महिलाहरुले समाजमा छुवाछुतको भेदभाव साथै अन्य कारणहरुले गर्दा धेरै पछि पर्नु परेको छ । हामीले जति भेदभावहरु सहनुपरे पनि अबका हाम्रा सन्तानहरु पनि अरु महिला सरह होउन । हरेक क्षेत्रबाट अगाडि बढ्न सकुन भन्ने लाग्छ ।" पूर्णकला नेपाली (नाम परीवर्तन गरीएको )*

# अध्याय पाँच

# दलित महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था र संघ संस्थामा संलग्नता र भूमिका

## ५.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्था

सामाजिक धर्म, जाति, लिङ्ग, वर्ण, पद, पेशा आदिको आधारमा भेदभाव गर्ने प्रचलन अझै हटिसकेको छैन । उही रातो रगत, एउटै पुर्खाबाट विकसित हुदै आएको मनुष्यले समाजमा अझै पनि एकातिर मत्स्य न्यायलाई अँगाली रहेको छ भने, अर्कोतिर जसको लाठी उसको भैसी भन्ने भावनालाई प्रदर्शित गरेको छ ।

नेपाल सरकार वाट महिला,दलित तथा उत्पिडित जात जातिहरुलाई सरकारी पहुचसंम लैजानको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ। निजामती क्षेत्रमा उक्त सिमान्तकृत जातीहरु र महिला,दलित तथा उत्पिडित तह लाई माथि ल्याउनको लागि लोकसेवा आयोगमा आरक्षणको व्यवस्था गरेको छ। यो अति सराहनीय निति रहेको पाईन्छ। यसको अलवा विभिन्न गैहसरकारी संस्थाहरुवाट पनि विशेष गरेर दलित महिलाहरुको आर्थीक अवस्था उकास्नको लागि विभिन्न स्वरोजगार तालिमहरुको संचालन गरेको पाईन्छ । पछिल्लो समय पशुसेवा कार्यालय, कृषि विकास कार्यालय, महिला विकास, जिविस, स्थानिय विकास कार्यालय, स्वास्थ्य विकास कार्यालयहरु वाट पनि आर्थीक उन्नति हुन, सामाजिक जागरण गर्ने, वैचारिक अवस्था विकास गर्ने ,स्वास्थ्य यवं भावनात्क चेतना विकास गर्ने विभिन्न कार्यक्रमहरु गरिरहेका छन् ।

सामाजिक जनचेतना को विकास र संस्कारको परिवर्तन आजको भोली रातारात परिवर्तन हुननसक्ने हुदा उक्त कार्यक्रमका नतिजाहरु क्रमै संग देखिदै जाने छन् । आर्थीक विकासका छनकहरु भने छ महिना वर्ष दिनमा केही सुधारका शुभ संकेतहरु प्राप्त गर्न सकिन्छ ।जातिय छुवाछुत लाई हामी सामाजिक कुरीती भन्छौ यसको अन्त्य गर्नु हामी सवैको कर्तव्य हो तर अज्ञानता भनु या अहमता दलित जातीहरुमा पनि एक किशिम को भयानक छुवाछुत पनि रहेको पाईयो । जो आफैमा हट्न सकेको छैन आसा गरौ यो पनि एक दिन शुन्य मा झरी असल समाजको निर्माण हुने छ ।

सामाजिक अवस्थालाई माथि उकास्ने भनेकै शिक्षा, स्वास्थ्य, रोजगारी ,आर्थीक ,जनचेतना मा वृद्दि,राजनितिक अवस्था, कृषि कान्ति मा आउने सकरात्मक सुधारहरुलाई वुभि्ने गरिन्छ । अझैपनि यस क्षेत्रका महिलाहरुको मुख्य समय भनेकै चुलो चौका, मेलापात मा नै वित्ने गरको छ । अभिकांश पुरुषहरु वेलुका भएपछि र फुर्सतको समयमा रक्सी खाने अनि झगडा गर्न मै व्यस्त हुने हुदा महिलाहरु मेला पात र वच्चाहरुको लागि समय प्रदान गरेको पाइयो । यसको अलवा आर्थीक अवस्थालाई उकास्नको लागि केही दलित महिलाहरु आफनो आम्दानी वाट मासिक वचत गर्ने र सहकारी हुने छलफलमा लागेको पाईयो । सस्तो काममा सरिक हुने महिलाहरुको उमेर पच्चिस भन्दा माथि र चालिस मुनि पाइयो । उनीहरुको शैक्षिक अवस्था पनि साक्षर देखि एस एल सि संम शिक्षा रहेको पाइयो । उनीहरुमा मासिक रुपमा पशुसेवा कार्यालय, कृषि कार्यालय जाने नयाँ प्रविधि को जानकारी अवलोकन गर्ने र उक्त कार्यालयले दिने अनुदानहरुमा सरिक रहने गरेको पनि पाइयो । अनुदानका रुपमा कुखराका चल्ला ,औसधी,वीउ वीजन, यान्त्रिक साधनहरु,मलखाध हरु लिने गरेको भेटियो । त्यस्तै गरी गैहसरकारी सस्था वाट लत्ता कपडा ,नगद, खाद्य सामाग्रीहरु ,नया नया कार्यकमा उपस्थिती जनाउने आदि गरेको भेटियो ।

## ५.२ महिलाको वैवाहिक स्थिति

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । जसले महिलालाई जन्म पश्चात एक छोरीको रुपमा मात्र नरही पत्नी, बुहारी, आमाको रुपमा परिणत गर्दछ । विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरुलाई कर्तव्य र कामको भार बढाउँछ । यस अध्ययनमा धेरैजसो महिलाहरु विवाहित रहेका छन् । वैवाहिक स्थितिको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११ महिलाको वैवाहिक स्थितिको विवरण**

| क.सं. | वैवाहिक स्थिति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बहुविवाहित | ६ | २० |
| २. | अविवाहित | ३ | १० |
| ३. | विवाहित | १२ | ४० |
| ४. | विधुवा | ४ | १३ |
| ५. | पारपाचुके गरेको | ३ | १० |
| ६ | एक्लै बसेको | २ | ७ |
| जम्मा | | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

यस ३० वटा दलित घरहरुमा महिलाहरुको वैवाहिक स्थिती यस किसिमको रहेको छ । अविवाहित ३ रहेकोमा उमेरमा सानो र अध्ययन गरदैगरेको कारण भेटियो । विवाहित १२ जना । वहुविवाहित ६ जना महिलाहरु जो सन्तान साथै विभिन्न कारणले गर्दा वहुविवाह गरेको भेटियो । विधुवा ४ जसको कारण उमेर ,दुर्घटना र १४ वर्षे सशस्त्र द्धन्द भएको भेटियो ,पारपाचुके गरेको ३ जना जस्को कारण थियो घरेलु हिंसा , एक्लै बसेको २ जना भेटियो ।

## ५.३ छुवाछुत हुने स्थान

आज सामाजिक कुरिति को रुपमा रहेको छुवाछुत प्रथा पुर्ण निर्मुल त हुन सकेको छैन घट्दो अवस्थामा रहेको छ। अध्ययन स्थलका सार्की समुदायहरु बिभिन्न ठाउँमा र समय छुवाछुत हुने गरेको पाइयो । छुवाछुतको कारणले गर्दा नै यी जातीहरु शोषित पिढित भई बाँच्न बाध्य भएका छन् । यी जातीहरुलाई समाजमा मुख्य गरेर छुवाछुत हुने स्थान तालिका नं .६. वाट प्रस्ट पारिएकोछ ।

**तालिका नं. १२ महिलाहरुलाई छुवाछुत हुने स्थान**

| क.सं. | स्थान | महिला | प्रतिशत (%) |
|---|---|---|---|
| १. | घर | १५ | ५० |
| २ | मन्दिर,धारा र कुवा | १० | ३३ |
| ३ | होटल, मेडिकल | ५ | १७ |
| जम्मा | | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १२ अनुसार घरमा हुन्छ भन्नेको घरधुरी संख्या १५ छ जुन कूल घरधुरी संख्याको ५०प्रतिशत हुन्छ । तल्लो जात भनि सार्वजनिक स्थल, मन्दिर, धारा, कुवामा छुवाछुत हुन्छ भन्ने  घरधुरी संख्या १० छ जुन कूल घरधुरीमा ३३ प्रतिशत हुन्छ। होटल मेडिकलमा छुवाछुत हुन्छ भन्नेको संख्या ५ रहेको छ जुन कुल घरधुरी संख्याको १७ प्रतिशत हुन्छ । अस्पतालमा पनि छुवाछुत हुने पाइयो र मेडिकलहरु यदी ब्राम्हण क्षेत्रीको छ भने घर भित्र पस्न नदिएर बाहिर नै स्वास्थ्य जाच गरेको पाइन्छ । होटलहरुमा पनि यदी माथिल्लो जातको छ भने आफूले खाएको भाँडा आफै माझ्नु पर्ने देखियो र होटल भित्र पस्न नदिएर बाहिर नै बसेर खाने गरेको पाइयो ।

## ५.४ स्वास्थ्य सम्बन्धि बिबरण

हरेक मानिसको जनजीवनमा स्वास्थ्यको जानकारी हुनु आवश्यक हुन्छ । अध्ययन स्थलका सार्की महिलाहरु स्वास्थ्यको क्षेत्रमा त्यति संबेदनशिल देखिदैनन् तापनि कुनै– कुनै महिलालाई सामान्य रुपमा स्वास्थ्य सम्वन्धि जानकारी रहेको थाहा भयो । यहाँका सार्की महिलाहरु बिरामी परेको वेला नजिक रहेको उपस्वास्थ्य चौकीमा जानुको साथै धामि झाँक्रिकोमा पनि जाने गरेको बताए । यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ स्वास्थ्य सम्बन्धि जानकारी**

| क.स. | स्वास्थ्य सम्वन्धि | संख्या | प्रतिशत (%) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | छ | १९ | ६३ |
| २. | छैन | ११ | ३७ |
| जम्मा | | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

अध्ययन स्थलका नमुनाको रुपमा लिइएको महिलालाई स्वास्थ्य सम्बन्धि जानकारी छ/छैन भन्ने प्रश्न गरिएको थियो । जसमा १९ जना महिलालाई स्वास्थ्य सम्वन्धि सामान्य जानकारी छ भन्ने पाइयो जुन कुलको ६३ प्रतिशत हुन्छ र छैन भन्नेमा ११ जना ३७ प्रतिशत महिला रहेको पाइयो । स्वास्थ्य सम्वन्धी सामान्य जानकारी हुने महिलाहरु साक्षर तथा कम पढेका रहेको पाइयो । ती महिलाहरुले गाउँमा भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुबाट स्वास्थ्य सम्वन्धी सामान्य जानकारी हासिल गरेको पाइयो ।

## ५.५ स्वास्थ्य उपचार

यस अध्ययन क्षेत्रका सार्की जातिमा उपचार गर्ने पद्धति वारे प्रश्न गर्दा उनीहरू कोही अस्पताल कोही हेल्थपोष्ट कोही धामीझाँक्रीकोमा गएको पाइयो । यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ स्वास्थ्य उपचार गर्ने विधि सम्बन्धी विवरण**

| विधि | संख्या | प्रतिशत |
|---|---|---|
| धामी झाँक्री | ५ | १६.५ |
| वैध औषधी | ५ | १६.५ |
| अस्पताल | १४ | ४७ |
| हेल्थपोष्ट | ६ | २० |
| जम्मा | ३० | १००.० |

स्रोत : स्थगत सर्वेक्षण २०७३ ।

माथीको तालिकामा ३० जना उत्तरदाताहरू मध्ये धामीझाँक्रीलाई प्राथमिकता दिने ५ जना (१६.५%) वैध औषधी गर्ने ५ (१६.५%) अस्पताल गएर औषधी गराउने १४ (४७%) मानिसहरू यो सवैभन्दा धेरै संख्या हो । हेल्थपोष्ट मा ६ जना (२०%) मानिसहरू औषधी गराएको पाइयो ।

यसरी हेर्दा केही समय अगाडीसम्म बिरामी हुदा झारफूक र धामी झाक्रीसँग उपचार गराउने सार्की जातिहरू हाल आएर सामाजिक परिवर्तन सँगै जनचेतनाको कारणले गर्दा अस्पताल र हेल्थपोष्ट गएर उपचार गराउन थालेको देखिन्छ ।

गोर्खा नगरपालिका वडा न. ८ का सार्की जातिका महिलाहरू आफू गर्भिणी भएपछि बरावर स्वास्थ्य परिक्षण गराउनुपर्दछ भन्ने कुरामा अनभिज्ञ नै छन् । त्यसैले कसैले घरमा बच्चा जन्माउन सकेन भने मात्र अस्पताल लैजाने गरिन्छ । जन्मदरलाई प्रभाव पार्ने अर्को तत्व परिवार नियोजनको ज्ञान पनि हो । गोर्खा नगरपालिकाको हेल्थपोष्टले परिवार नियोजनको जानकारी र सुविधाहरू उपलब्ध गराए पनि यस समुदायका व्यक्तिहरूमा परिवार नियोजन सम्बन्धी नकारात्मक धारणा नै रहेको छ । उनीहरूको भनाइमा पुरुषले परिवार नियोजन गर्दा शारीरिक रुपमा कमजोर हुन्छ भन्ने मान्यता रहेको छ । जसले गर्दा काम गरेर खान गाह्रो हुनाले परिवार नियोजन गर्न भन्दा नगर्न सल्लाह दिएको पनि पाइयो । तर वर्तमानमा आएर रेडियो, टि.भि जस्ता संचारका साधन लगायत यस समुदायमा विभिन्न संस्थाहरू मार्फत पनि परिवार नियोजन सम्बन्धी परम्परागत नकारात्मक दृष्टिकोण अब आएर लगभग पूर्ण रूपमा सकारात्मक झै देखिन्छ । तर सबैले अपनाएका भने छैनन् ।

## ५.६ दलित महिलाको राजनीतिक अवस्था

हरेक व्यक्ति या त पुरुष होस या महिला उनीहरुको भूमिकालाई सामाजिक र सांस्कृतिक तत्वले असर गर्दछ । त्यसैले महिलाहरुको लागी राजनैतिक सहभागिता यसको अपवाद हुन सक्दैन । नेपाल पितृवंशीय सामाजिक संरचना भएको र बहुधार्मिक, बहुसांस्कृतिक संरचना भएको राष्ट्र हो । हिन्दु परम्परावादी सोचाई र पितृवंशीय सामाजिक संरचनाको प्रभावले राजनीतिमा पनि लैङ्गिक विषमता सिर्जना गरेको छ । नेपालमा हरेक व्यक्तिको सामाजिक स्थिति जन्मसिद्ध रहेको हुन्छ । जसले गर्दा राजनितिमा लैङ्गिक असमानता हुनु पनि स्वभाविकै हो । पुरुष र महिलाको विचमा रहेको लैङ्गिक असमानता, शिक्षा, पेशा, सम्पत्तिको अधिकार, ज्याला आदिमा पनि कायम रहेको छ ।

वि.सं. २००७ सालदेखि २०४६ साल हुँदै वि.सं. २०६२/०६३ सालको जनआन्दोलन सम्मका सबैजसो आन्दोलन र राजनैतिक संस्थाहरुमा दलित समुदाय र दलित महिलाको सहभागिता हुँदै आइरहेको छ । राजनैतिक पार्टीहरुले दलित महिलाहरु प्रति सबै क्षेत्रमा

समान व्यवहारको नारा लगाइरहेका छन् । यति हुँदा हुदै पनि दलित र दलित महिलाहरुको अधिकांश संख्या शिक्षा, सांस्कृतिक, चेतना, सामाजिक मर्यादा र आर्थिक क्षेत्रमा पछाडी परेकोले उनीहरु राजनैतिक नेतृत्वको प्रमुख स्थानमा पुग्न सकेका छैनन् ।

समयको परिवर्तन सँगसँगै सोच विचारको पनि परिवर्तन हुँदै जान्छ तर पनि जातियताको आधारमा हुने उचनिचतामा, छुवाछुतमा केही मात्रामा कमी भए पनि उल्लेखनीय रुपमा सफलता भने हुन सकेको छैन् । कानूनी रुपमा जातियताको आधारमा हुने भेदभावलाई अन्त्य गरिए पनि यसले मानिसको सोचाईमा, व्यवहारमा भने परिवर्तन गर्न सकेको छैन । सार्वजनिक ठाउँमा अलिकति खुकुलो व्यवहार देखिए तापनि निजी क्षेत्र अझै पनि यस्तो व्यवहार पाइदैन् ।

यस समाजका दलित महिलाहरुको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरुले विभिन्न क्षेत्र तर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रुपमा कार्यान्वयन भएको छैन । यहाँका दलित महिलाहरुले कुनै निर्वाचनमा स्थान पाएका छैनन् ।

नेपाली नागरिक भनेर चिनिन र कतै पनि केही काम गर्नको लागि नागरिकताको आवश्यकता पर्दछ । यस गाउँका दलित महिलाहरु आफ्नो परिचय पत्रको रुपमा रहेको नागरिकता लिनको लागी निकै सचेत देखिन्छन् । नागरिकता विना विभिन्न सरकारी काम गर्न नमिल्ने गा.वि.स. मा दिइने विभिन्न तालिममा सहभागिता जनाउन नपाइने र जग्गा आफूले लिन चाहे पनि नपाइने भएकोले नागरिकताको महत्वलाई बुझ्दै नागरिकता लिनमा होसियार रहेको पाइन्छ ।

यस सार्की समाजका महिलाहरु अशिक्षाको कारणले गर्दा अन्य समाजका महिला जत्तिकै राजनीतिक चेतना पाएका छैनन् । यस समाजमा केही शिक्षित महिलामा र केही साक्षर महिलामा राजनीतिक चेतना थोरै मात्र आएको छ । साक्षर महिलाहरु गाउँ स्तरिय भएपनि विभिन्न राजनीतिक संघ संगठनमा भाग लिएको पाइन्छ । अहिलेको देशमा भएको

महिला शिक्षा, महिला कोटा सम्बन्धि व्यवस्थाको कारणले गर्दा पनि यहाँका महिलाले राजनीति गर्नुपर्दछ भन्ने बारेमा  चेतना आएको पाइन्छ ।

**तालिका नं. १५**

**महिलाको राजनीति प्रतिको चासो**

| क.सं. | सहभागिता | जम्मा  संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सक्रिय भएर लागेकी छु | ५ | १७ |
| २ | सामान्य मतदाता मात्रै हुँ | १५ | ५० |
| ३ | चाख छैन तर भोट दिन जान्छु | १० | ३३ |
| जम्मा | | ३० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १५ अनुसार कामी समाजका महिला सक्रिय रुपमा राजनीतिमा लाग्नेको महिलाको संख्या ५ रहेको छ । जुन कूल संख्याको १७ प्रतिशत हुन्छ । सामान्य मतदाता मात्रै हुँ भन्नेको महिलाको संख्या १५ रहेको छ जुन कुल संख्याको ५० प्रतिशत हुन्छ । चाख छैन तर भोट दिन जान्छु भन्नेको महिलाको संख्या १० रहेको छ जुन कुल संख्याको ३३ प्रतिशत हुन्छ ।

यस सार्की समाजका महिलाहरु मध्ये साक्षर र शिक्षित महिलाहरु नै छन् । यस गाउँमा महिलाले वडा स्तरमा, गा.वि.स. स्तरमा राजनीति गर्ने गरेको पाइयो । विभिन्न पार्टीमा संलग्न भएर राजनीतिमा आफू संलग्न भएका त्यहाँका महिलाबाट स्पष्ट भयो । सामान्य मतदाता मात्रै हुँ भन्ने महिला मध्ये केही महिलाले दिनै पर्छ भनेर मतदान गरेको जनाए भने केही महिलामा राजनीति सम्बन्धि चाख देखिएन । यस्ता महिलामा अशिक्षित महिला धेरै परेका छन । यहाँ महिलालाई सामाजिक रुपमा पनि राजनीतिमा लाग्न प्रेरित नगरिने हुनाले र राजनीति त पुरुषले मात्र गर्ने हो भन्ने धारणा रहेको कारणले गर्दा महिलाहरु त्यत्ति धेरै राजनीतिमा संलग्न रहेको पाइएन । यस समाजमा महिला राजनीतिमा पुरुष भन्दा पछि पर्नुको कारण पितृसत्तात्मक व्यवस्थाले गर्दा पनि हो । जसले गर्दा महिला राजनीतिमा अगाडि बढ्न सकेका छैनन् ।

## ५.७ दलित महिलाको धार्मिक कार्यमा सहभागिता

विश्वको कुनै पनि मानिस कुनै न कुनै धर्मबाट प्रभावित भएका हुन्छन् । प्राचिनकालदेखि नै नेपालमा हिन्दु धर्मको बाहुल्यता रहदै आएको हुनाले नेपाललाई हिन्दू अधिराज्य रुपमा मानिदै आएको पाइन्छ । प्रजातन्त्रको पुर्नवहाली सँगसँगै हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रुपमा अंगिकार गरेको भएता पनि यहाँ विभिन्न धर्म प्रति आ-आफ्नो निष्ठा र प्रतिवद्धता जाहेर गर्दै विविध धर्मको अनुसरण गर्ने मानिसहरु बसोबास गरिरहेका छन । आज सम्म पनि नेपालमा कहिल्यै धर्मको आडमा कलह बैमनश्यता र झगडा भएको पाइदैन ।

यस जातिले पनि हिन्दु धर्मको अनुसरण गर्ने गर्दछ । यस वडा नं.८ मा बसोबास गर्ने ३० वटै घरपरिवारमा गरिएको प्रश्नावली भर्ने क्रममा समेत कसैले पनि हिन्दु धर्म बाहेक अन्य धर्म अनुसरण गरेको बताएनन् । यिनीहरुको वरिपरी ब्राम्ह्ण र क्षेत्री समुदायका हिन्दुहरु नै बसोबास गर्ने भएको हुनाले पनि अन्य धर्म अपनाउन नसकेको कुरा बुझ्न सकिन्छ ।

सामाजिक असमानताको कुरा गर्दा यो धर्ममा नै भेदभाव पूर्ण तरिकाले व्यवहार गर्न सिकाइएकोले सामाजिक विभेद सहनुपरेको अध्ययनमा देखिन आएको छ ।

यस सार्की समाजमा सवैले नै हिन्दू धर्म मान्दछन् । यस समुदायमा महिलालाई धर्मले भेदभाव गरेको छ की छैन ? भन्ने प्रश्नमा धेरैको मत छ भन्ने आयो । यस समुदायले अन्य ब्राम्हण क्षेत्रीले जस्तै विभिन्न चाडपर्व मान्ने गरेको पाइयो । यस समुदायमा बली दिने प्रचलन पनि रहेको छ ।

सार्की समाजका महिलालाई धर्मको आधारमा भेदभाव गरिएको नै बढी पाइयो । महिलालाई मन्दिर जान रोक नै लगाएको नभएपनि प्राय पूरुषहरुले मन्दिरमा जाने बलिदिने गर्ने हुनाले महिलालाई धर्मले नै भेदभाव गरेको हो भन्ने धारणा यहाका महिलाहरुबाट पाइयो । भेदभाव गरेको छैन भन्ने महिलामा प्राय धर्म प्रति त्यति चासो नभएकोले र

अशिक्षित भएको कारणले गर्दा धर्मले आफूहरुलाई गरेको व्यवहारलाई मुल्याङ्कन गर्न पनि नसको कारणले गर्दा यी महिलाले यस्तो उत्तर दिएको पाइयो ।

यहाँका महिलालाई लैङ्गिक आधारमा पनि भेदभाव गरेको केही अर्न्तवाताबाट पाइयो । यहा मन्दिरमा पुजा गर्ने पुजारी पुरुष नै हुन्छन् । यहाँका घर परिवारको धार्मिक कार्यमा कार्य गर्ने र गराउने पनि पुरुष नै भएको पाइयो । जसको कारण लैङ्गिक रुपमा महिलाले यस्तो गर्नु हुदैन पुरुषले गर्ने काम हो जस्ता कुराहरु समाजले उत्पत्ति गरेको पाइयो ।

**तालिका नं. १६ धार्मिक कार्यमा सहभागिता**

| क.सं. | सहभागिता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छैन | १० | ३३ |
| २ | कम मात्रामा छु | १५ | ५० |
| ३ | पुरुष जत्तिकै छु | ५ | १७ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं.१६ अनुसार धार्मिक कार्यमा सहभागी नहुने महिलाको घरधुरी संख्या १० रहेको छ । जुन कुलसंख्याको ३३ प्रतिशत हुन्छ । कम मात्रामा सहभागी छु भन्ने महिलाको संख्या १५ रहेको छ । जुन कुल घसंख्याको ५० प्रतिशत हुन्छ । पुरुष जत्तिकै सहभागी छु भन्ने महिलाकोसंख्या ५ रहेको छ । जुन कुलसंख्याको १७ रहेको छ ।

स्थलगत अध्ययन र अर्न्तवाताबाट आएको जानकारी अनुसार महिलाहरुको पुरुषको भन्दा सहभागिता प्रतिशत कम देखियो । यहाँका महिलाहरु पुरुषको तुलनामा कम मात्रामा सहभागी भएको देखिन्छ । महिलाहरुले घरायसी कार्य धेरै गर्नुपर्ने भएकोले साथै पुरुषलाई पनि सहयोग गर्नुपर्ने भएकोले गर्दा धार्मिक कार्यमा जानकोलागि फुर्सद पनि नपाउने केही महिलाको गुनासो थियो । यस सार्की समाजले दशै, तिहार, साउने,माघे, संक्रान्ती, चैते

दशैका साथै हिन्दू धर्म अनुसार सम्पूर्ण चाडपर्व मान्ने गर्दछ । यहा दशैमा बलिदिने प्रचलन अत्यधिक छ । बलिदिदा आफ्नो आत्म सन्तुष्टि हुने यीनीहरुको भनाई छ ।

## ५.८ निर्णय प्रक्रियामा भुमिका

दैनिक कार्य संचालन र महत्वपूर्ण कार्यहरू गर्दा महिलाहरूलाई कत्तिको सहभागी गराइन्छ वा महिलाहरूको राय वा तर्कहरूलाई कत्तिको स्थान दिइन्छ भन्ने कुराहरूको पनि त्यस समाजका महिलाहरूको सामाजिक अवश्था ज्ञान हुन सक्ने भएकाले यस अध्ययनका क्रममा विभिन्न दैनिक कार्य र केही महत्वपूर्ण कार्यहरू गर्दा अथवा त्यस्तो कार्यहरू गर्ने निर्णय गर्दा महिलाहरूको के कस्तो भूमिका रहन्छ ? महिलाहरू एकल निर्णय गर्दछन् वा पुरुषहरू एकल निर्णय गर्दछन् वा संयुक्त रूपमा निर्णय गरीन्छ ? भन्ने जिज्ञासाहरूका साथ सर्भेक्षण गरिएको थियो ।

उपरोक्त तालिका अनुसारको तथ्यांकलाई हेर्दा महिलाहरूले पनि धेरैथोरै निर्णय गर्ने विषयमा आफूहरूले जाने बुझे सम्मको राय, सुझाव, सल्लाह दिने गरेको पाइयो । यस मदनपोखरा गा.वि.स को कामी समाजमा हुने गरेको कामको प्रकृतिलाई खास गरी तीन श्रेणीमा वर्गीकरण गरेर विश्लेषण गर्नु उचित भएकाले निम्न अनुसार वर्गिकरण गरिएको छ।

**तालिका नं. १७ कामको क्षेत्र र निर्णयमा लैङ्गिक स्थिती**

| विवरण | कामको प्रकृति | निर्णय गर्ने व्यक्ति |
|---|---|---|
| घर भित्रको काम | खाना पकाउने, पशुस्याहार, चाडपर्वको व्यवश्थापन, घरको सरसफाई, दाउरा संकलन । | महिला सदस्य |
| घर बाहिरको काम | बजार किनमेल, खेति लगाउने, औषधी उपचार । | पुरुष सदस्य |
| महत्वपूर्ण काम | छोराछोरीको विवाह, जग्गा किनवेच, पशु किनबेच, पैसा कसले राख्ने | घर सल्लाह संयुक्त |

स्रोत : स्थलगत सर्वेक्षण २०७३ ।

प्राप्त तथ्यांकहरूलाई हेर्दा घरभित्रको कार्यहरूमा महिलाहरू र घर बाहिरको कार्यहरूमा पुरुषहरूको निर्णय हुने गरेको पाइयो तर छोराछोरीहरूको विवाह, जग्गाको किनवेच र पशुको किनवेच गर्दा महिलाहरूसँग पनि राय परामर्श गर्ने गरेको पाइएकोले यस अर्थमा महिलाहरूको राम्रो सहभागिता भएको पाइन्छ । महिला प्रमूख भएको परिवार अर्थात प्रमूख विदेश गएको परिवारमा महिलाको निर्णय गर्ने पूर्ण अधिकार भएको पाइयो ।

## ५.९ महिलाहरूको सामाजिक स्थितिको मूल्यांकन

नेपालमा विद्यमान सर्वे ऐन, कानुनहरूले महिला र पुरुषहरूलाई समान अधिकार प्रदान गरेका छन् । तर नेपालका अधिकांश महिलाहरूलाई आफ्नो हक र अधिकारका विषयमा ज्ञान छैन । दलित तथा पिछडिएका जातिहरूमा त यो अज्ञानता अझ बढी छ । आफ्नो समुदाय भित्र उनीहरूको सामाजिक स्तर राम्रो देखिन्छ । तर समुदाय वा समाजहरूसँग तूलना गर्दा यस समुदायका महिलाहरू अझ बढी दलित र पिछडिएका देखिन्छन् । यस अध्ययनको क्रममा प्राप्त विभिन्न संख्यात्मक र गुणात्मक तथ्यांकहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । सार्की समाजमा एकात्मक परिवारको बढी बाहुल्यता भएको पाइन्छ । संयुक्त परिवार भन्दा एकात्मक परिवारका महिलाहरू स्वतन्त्र रहन्छन् ।

गोर्खा नगरपालिका वडा नं.८ मा दलितहरूको शैक्षिक अवस्था कमजोर नै रहेको पाइन्छ । २०६८ को जनगणनाको तथ्यांक अनुसार यस गा.वि.स मा पुरुषहरू ७५.९% र महिला ६२.४% साक्षर रहेका छन् । वर्तमान समयमा यस क्षेत्रका कामी जातिहरूको आफ्ना सन्तानहरूलाई विद्यालय पठाउने क्रम बढ्दै गएको छ । यस अध्ययनको सर्वेक्षणमा ४८.८% महिलाहरू साक्षर देखिन्छन् । यस भित्र साक्षरता कक्षा पढेर पनि साक्षरता हासिल गर्नेहरू पनि छन् ।

यस क्षेत्रका सार्की महिलाहरूले १-६ वटा सम्म वच्चा जन्माउने गरेका छन् । नेपाल कै सन्दर्भमा यो संख्या धेरै भने होइन । तर संख्यात्मक रूपमा भन्दा पनि वच्चा जन्माउने समयमा आमाहरूले कतिको उपचार, सुविधा पाउँछन् भन्ने कुरालाई ध्यान दिनुपर्दछ । गर्भवती समयमा स्वास्थ्य परीक्षण नगराउनु आँशिक रुपमा त्यो पनि वाध्यात्मक परिस्थितिमा मात्र अस्पताल पुग्नुलाई सन्तोसजनक मान्न सकिन्न । यस अध्ययन क्षेत्रका

१६.५% (५ जना) विरामी परेपछि धामी झाक्रीकोमा पुग्दछन् । अस्पतालमा ४७% महिलाहरू जाने गर्दछन् । हेल्थपोष्टमा २० % (६ जना) जाने गर्दछन् । यसवाट धेरै मानिसहरू अस्पताल गएको पाइएको छ। यस तथ्यांकबाट जनचेतनाको कारण धेरै अस्पताल गएको हो भन्न सकिन्छ ।

यस क्षेत्रका महिलाहरू एक घण्टा लगाएर पानी लिन जाने गर्दछन् । उनीहरू दिनमा दुई तिन पटक सम्म खानेपानी लिनको लागि जाने गर्दछन् यसबाट खानेपानी लाई समस्याको रुपमा बुझ्न सकिन्छ । यहाँका कामी समुदायका मानिसहरूले गर्ने कामलाई मूख्यतय ३ भागमा वर्गिकरण गरेर विश्लेषण गरिएको छ । घरभित्रको काम, घर बाहिरको काम र महत्वपूर्ण कामहरू, घर भित्रको कामहरू खाना पकाउने, पशु किनवेच आदि । महिलाहरूले यस्ता कार्यहरूमा एकल निर्णय पनि गर्ने गरेको पाइयो । यस्तो कार्यहरूमा एकल निर्णय गरे भन्दैमा उनीहरूको स्तर राम्रो भन्न मिल्दैन । महत्वपूर्ण कार्यहरू पैसा राख्ने, छोराछोरीको विवाह, जग्गा किनवेच आदिमा उनीहरू एक्लै निर्णय गर्दैन् दुवै जनाले संयुक्त रूपमा निर्णय गर्दछन् । महिलाहरुको पनि राय लिने हुदा महिलाहरूको निर्णय प्रक्रियामा सहभागिता राम्रो भएको पाइन्छ । तर समग्र समाजमा महिलाहरूको सामाजिक स्थिति दयनिय नै देखिन्छ ।

अरु जातिका मानिसहरू झै यिनीहरू विद्यालयमा, शिक्षिका, वजारमा पसल, सरकारी कार्यालयमा जागिर, तथा अन्य किसिमका कार्यकर्ताहरूको हैसियत सम्म पनि कामी महिलाहरू पुग्न सकेका छैनन् । यसरी सवै विकास र सुविधाहरूका आधार चेतना र हैसियत भए झै देखिए पनि सामाजिक छुवाछूत, अन्य जातिप्रति परनिर्भर आदि कारणले समग्र रूपमा मुल्यांकन गर्ने हो भने मानसिक रूपले स्वाभिमानी बन्न नसक्नाले मदनपोखरा गा.वि.स का कामी महिलाहरूको सामाजिक अवश्था निम्न स्तरको रहेको छ ।

## ५.१० छुवाछूतका कारण सार्की महिलाको सामाजिक अवस्थामा पारेको प्रभाव र परिवर्तन

यो छुवाछूत प्रचलन कुनै व्यक्तिको व्यक्तिगत र परिवारगत समस्या मात्र नभएर सामाजिक रूपमा रहेको छ । यस समस्या वा परिस्थितिमा हाम्रो समाज पनि जिम्मेवारी हुनु महत्वपूर्ण छ यस अध्ययनको क्रममा उत्तरदाताहरूबाट प्राप्त र विभिन्न तरीकाबाट तथ्य संकलन गर्दा आएका सामाजिक प्रभावहरूलाई संक्षेपमा समेटिएको छ । हाम्रो समाजमा गरीने छुवाछूतको कारणले सार्की जातिका महिलाको जनजीवनमा निम्न प्रकारको प्रभावहरू परेका छन् ।

– शैक्षिक अवस्था कमजोर भएको छ ।

– स्वास्थ्य स्थिती कमजोर भएको छ ।

– परम्परागत पेशाबाट विस्थापित भएका छन् ।

– आपसी असमझदारी बढ्दै गएको छ ।

परिवर्तनहरू : माओवादी आन्दोलन पछि छुवाछूत सम्बन्धी धेरै नै परिवर्तन भएको छ । धारा, मन्दिर जादा यो भन्दा पहिला छुवाछूत व्यापक रूपमा हुन्थ्यो तर वर्तमान समयमा धेरथोरै मात्रामा परिवर्तन भएको छ । उनीहरूको पेशामा पनि परिवर्तन भएको छ पहिला-पहिला उनीहरू भाडा बनाउने पेशालाई अंगाल्थे भने अहिले त्यस अध्ययन क्षेत्रमा परम्परागत पेशा गर्नेको संख्या न्यून छ । शिक्षातर्फ पनि वर्तमान समयमा विद्यालय जानेको संख्या बढिरहेको छ उनीहरू आर्थिक रूपमा सबल भए सम्म आफ्ना छोराछोरीलाई पढाउने गर्दछन् तर भर्ना संख्या धेरै देखिएता पनि विचमा छाड्दै गएको पाइन्छ । विभिन्न कारणले बाध्यताको कारणले मात्र छोड्ने गर्दछन् । उच्च मा.वि पढ्नेको संख्या २ जना मात्र भेटियो । पहिला यिनीहरूमा साक्षर दर पनि कम थियो भने वर्तमान समयमा उच्च शिक्षा पनि हासिल गरेका छन् । छुवाछूत गर्नेहरू पनि कम भेटिएको छ । यस क्षेत्रमा मगर ठकुरीहरू र कामी जातिहरू बसोबास गर्दछन् धारामा जादा सँगसँगै जाने पानी भर्ने सँगै आउने गर्दछन् । सार्वजनिक मन्दिरमा पस्न पनि रोकतोक गर्ने प्रचलन कम भएको छ । माथिल्लो जातिले पनि भोज भत्तेरमा निमन्त्रणा गर्दछन् । एउटै भान्सा बनाउने प्रचलनको शुरूवात भैइसकेको छ । माथिल्लो जातिको घरमा गएर खाना खाए पछि भाडा माझ्ने प्रचलनमा पनि कमि आएको देखिन्छ । वर्तमान समयमा, विभिन्न यातायात, संचार, औद्योगिकरणको कारणले पनि यि विविध पक्षमा परिवर्तन आएको छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

स्थानिय विकास मन्त्रालय अर्न्तगत उपेक्षित, उत्पिडीत र दलित वर्ग उत्थान विकास समितीद्वारा दलित वर्गमा २२ जातिहरूलाई लिएको पाइन्छ । उनीहरू सामाजिक रूपले अशुद्ध र अछुत भनेर चिनिएको हुन्छ, त्यसमध्ये सार्की जाति पनि एक दलित जाति हो । समाजको सर्वतोमूखी विकासका निम्ति समाजको आधा जनसंख्या ओगटेका महिला वर्गको समानुपातिक विकास र विकास अभियानहरूमा उनीहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ । महिलाहरू जबसम्म पुरुषहरू सरह समाजको विकास अभियानमा र संलग्न हुन पाउँदैनन् । तब सम्म समाजको आर्थिक र सामाजिक स्थितिमा सुधार आउन सक्दैन तर नेपालका महिला वर्गहरूको विषयमा विस्तृत अध्ययन अनुसन्धानहरू कमै मात्र भएका छन् ।

अधिराज्य भरि छरिएर रहेको यस जाति विशेष गरी शिक्षा, जनचेतना, वेरोजगार, आर्थिक तथा सामाजिक विषयमा अत्यन्तै पिछाडिएको छ । समग्र सार्की जाति कै खोज अध्ययन भैनसकेको अवस्थामा सार्की  जातिका महिलाहरूको अध्ययन अनुसन्धान नहुनु स्वभाविकै पनि होला ।

यो अध्ययन अनुसन्धान दलित महिलाहरुको शैक्षिक अवस्था सम्वन्धमा गरिएको हो । यस अध्ययनको लागि गोरखा नगरपालिका अर्न्तगत ८ वडाका दलितहरुको ५६ घरघुरी मध्ये ३० जना उत्तरदाताहरुलाई छनोटमा पारि उनीहरुबाट नै अर्न्तवार्ता, अवलोकन, वैयक्तिक अध्ययन विधिको माध्यमद्धारा तथ्य संकलन गरिएको छ र ती ३० जनाहरुसंग प्रश्नावलीको माध्यमबाट अन्तरवार्ता गरिको छ । यस अध्ययन दलित महिलाहरुसंग सम्बन्धित भएको कारणले महिलाहरुलाई नै अन्तरवार्तामा सहभागी गराइएको छ । जसबाट उनीहरुको सामाजिक संस्थामो संलग्नता र भूमिकाको कस्तो रहेको छ र शैक्षिक स्थिति बारेमा जानकारी लिईएको छ । तथ्यांकहरू र सामान्यीकरणको प्रवृत्तिलाई हेर्दा यस अध्ययनलाई विशुद्ध रुपमा

विवरणात्मक वा अन्वेषणात्मक भन्न सकिन्छ । किनभने यसमा समाविष्ट तथ्यांकहरू मध्ये कतिपय विवरणात्मक प्रवृत्तिका छन् भने कतिपय अन्वेषणात्मक प्रवृत्तिका छन् ।

सार्की समुदायका महिलाको शैक्षिक स्थिति अत्यन्तै कमजोर छ । ३० घर परिवारमा जम्मा ७ प्रतिशतले मात्रै प्रमाणपत्र तह पढेको पाइन्छ भने २७ प्रतिशत महिला निरक्षर नै छन् । सार्की समाजमा घर, मन्दिर, अस्पताल, होटल, विद्यालय सबै स्थानमा छुवाछुत हुने गरेको पाइन्छ । सबभन्दा बढी घर, मठ मन्दिरमा ५० प्रतिशत र सबभन्दा कम अस्पतालमा १७ प्रतिशत छुवाछुत हुने गरेको पाइन्छ । सार्की परिवारमा महिलाको शिक्षाप्रति झुकाव बढ्दै गएको पाइन्छ । स्वयम् दलितहरुको शिक्षा प्रतिको नकारात्मक सोचले समेत शैक्षिक पहुँच न्यून रहन गएको देखिन्छ । अधिकांश दलित अभिभावक निरक्षर रहेकाले शिक्षाको महत्व बुझ्न नसक्नु पढेर के काम छ र ? भन्नु पढाईमा गरेको लगानी, धनसम्पत्ति र समयको वर्वादीको रुपमा लिनु, 'पढिलेखी के नै काम गऱ्यो खायो माम' अनुसार पढेर पछि पाइने कामको अनिश्चितता भन्दा मुखैनेरको माम प्रतिको आकर्षणले गर्दा छोराछोरी विद्यालय नपठाउने गरेको देखियो । पढेपनि एक दुई कक्षा पढेर अक्षर चिने त भइहाल्छ नि ? उनीहरुको सोचले विद्यालय छाड्ने गरेको बढी पाइयो ।

## ६.२ निष्कर्ष

राष्ट्रिय रुपमा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको चपेटामा रहेको अवस्थामा दलित महिलाको अवस्था अझ नाजुक रहेको पाइन्छ । दलितमा पनि दलित भएर जीउन पुगेका सार्की महिलाहरु आफ्नो समुदायभित्र दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी बिच आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातिय शोषण छुवाछुत, चेतनाको कमी, साक्षरताको कमी, स्रोत र साधनहरुमा कम पहुँच, राज्य द्वारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु सबै जातिय दमन र छुवाछुतको कारक तत्वको रुपमा देखिएको छ ।

प्राथमिक तह सम्म विद्यालय जाने प्रत्येक घरबाट भए पनि उच्च माध्यमिक तहमा पुग्दा १/२ जना मात्र महिला रहेका छन् । यसको मूल कारणमा दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु र गरिबीको कारणले विद्यालय छाड्ने

अवस्था पनि आउने गरेको छ । यहाका दलित महिलाहरु पौरखी परिश्रमी भएर पनि आयआर्जन गर्न सकिरहेका छैनन । यीनिहरुको जग्गा जमिन कमी छ ,भएको पनि उत्पादनशिल छैन त्यसैले यीनिहरु ज्याला मजदुरीमा भर पर्नु पर्ने हुन्छ ।

दलित महिलाहरु गरिबीको कारणले गर्दा नै पुरुषको मात्र आयस्रोतले परिवार धान्न नसकिने भएको हुँदा महिलाहरु पनि पूरुष सरह ज्यालादारीको काममा समान सहभागी हुने गरेको कुरा महिलाहरु सँगको समूह छलफलबाट थाहा पाइयो । उच्च जातिको महिलामाथि हुने जातिय कट्टरताको बन्देजमा यहाका दलित महिलामा नहुने हुदा दलित महिलाको पुर्नविवाह, विधुवा विवाहलाई पनि यस अध्ययन क्षेत्रका महिलाले सहजै लिएको पाइयो । परिवार भित्र हुने निणर्य प्रक्रियामा पनि महिलाको थोरै मात्रामा भएपनि सहभागिता भएको पाइन्छ । आर्थिक उत्पादनमा समान योगदान र समाजमा पुरुषलाई भन्दा महिलालाई बढी विश्वास गर्ने हुनाले पनि परिवार भित्र महत्वपूर्ण कार्यको निर्णय प्रक्रियामा केही सहभागिता रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका सार्की महिलाहरु परिवारमा पुरुष प्रतिमात्र निर्भर रहदैनन् किनकी आफ्नो निजी सम्पत्ति नहुदा पुरुष पनि क्षणिक कार्यमा हिड्नु पर्ने हुनाले त्यसमा महिलाको पनि सहभागिता भएको पाइन्छ ।

# सन्दर्भ सामग्री


आचार्य, मीना. (२०४१). *राष्ट्रिय बिकास र नेपाली आइमाई एउटा नयाँ सन्दर्भ.* काठमान्डौः युनिसेफ नेपाल.

आहुति, (२०६७). *नेपालमा वर्ण व्यवस्था र वर्ण सङ्घर्ष.* सम्पादक राजेन्द्र महर्जन, पुल्चोक ललितपुर नेपालः समता फाउन्डेसन.

अर्याल, भोजेन्द्र. (२०६८). *नेपाली समाज र संस्कृतिकाउपागमहरु.* काठमाडौंः ज्ञान कुञ्जप्रकाशन.

केन्द्रिय तथ्याङ्क विभाग (२०६८). *जनगणना.* केन्द्रिय तथ्याङ्क विभाग र राष्ट्रीय योजना आयोग सचिवालय, नेपाल सरकार.

केन्द्रिय तथ्याङ्क विभाग(२०७०). *नेपालको आर्थिक सर्वेक्षण.* केन्द्रिय तथ्याङ्क विभाग र राष्ट्रीय योजना आयोग सचिवालय, नेपाल सरकार.

खत्री, प्रेम कुमार. (२०४४), *नेपाली समाज र संस्कृति.* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय.

खत्री, प्रेम कुमार. (२०५६). *नेपालमा धार्मिक मत र सामाजिक संरचना.* काठमाडौंः एम. के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स.

खुलेर बोलौ....विभेदलाई रोकौं (२०६७) *मस्यौदा कानुन सम्बन्धी खुल्ला सम्वाद* श्रृंखला ।

ताम्राकार टेक (२०६३). *नेपालमा दलित महिला,* दलितमहिला संघ के.का. कुपण्डोल, लतिलपुर।

दलित महिला सङ्घ (२०६३). नेपालमा दलित महिला संघ केन्द्रिय कार्यालय कुप्पनडोल ललितपुर ।

प्रश्रित,मोदनाथ (२०५३). *नेपालमा जातीय छुवाछुत,* अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केन्द्रिय कार्यालय, काठमाडौं ।

पराजुली,डा.महेशनाथ (२०६३).*राज्यको पुनः संरचनामा दलित सहभागिता,* त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र कीर्तिपूर काठमाडौं ।

भट्टचन कृष्ण बहादुर (२०६२). *नेपालमा दलित महिलाको स्थिति,* दलित महिला संघ कुपण्डोल,ललितपुर ।

बुढाथोकी ,चन्द्र विक्रम (२०३९). *जय स्थिति मल्लको सुधार.*साझा प्रकाशन ।

विष्ट डोर बहादुर (२०३६). *सबै जातको फूलबारी.* साझा प्रकासन काठमाडौं ।

विश्वकर्मा, टेक बहादुर (२०५३, पृ ७६). *नेपालमा जाति भेद र विश्वकर्माको इतिहास.* ।

वि.क., मानबहादुर (२०६५). *संघीय शासन प्रणालीमा दलितको स्थान.* दलित सेवा संघ केन्द्रिय कार्यालय।

विश्वकर्मा, हिरा (२०६३). *दलित महिलाका सवाल र तिनका समाधान.* ।

विश्वकर्मा, पद्मलाल : *दलित आन्दोलनमा दलितमहिला,* ।

विश्वकर्मा, कमला (२०६४). *हामी दलित महिला अधिकारमा प्रतिवद्ध छौ* ।

लाम्गादे भोजमान (२०६१). *जातिय विभेदको विश्वब्यापी सन्दर्भ.* नेपालमा दलितमानव।

अधिकारको अवस्था २००४ र *कानुनी व्यवस्था,जनउत्थान* प्रतिष्ठान न्यूप्लाजा,पुतली सडक काठमाण्डु ।

शर्मा ,जनकलाल (२०३९). *हाम्रो समाज एक अध्ययन.* साझाप्रकासन काठमाण्डौं ।

सापकोटा, डा.केशव प्रसाद (२०००). *नेपालमा दलित उत्थानका रणनीति.* सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज धोबीघाट, ललितपूर,काठमाण्डौ, नेपाल ।

सेरिड, (२०६३). *सबैका लागी शिक्षा* २००४-०९ ,अनुसन्धान प्रतिवेदनहरुको सारसंक्षेप-२, त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

Acharya, Meena, (1997). *Gender Equality and Employment of Women.* Kathmandu.

Bista, Dor. Bahadur, (1994). *Fatalism and Development,* Orient Longman Ltd.Calcutta, , p.113

Bista, Dor. Bahadur, (1966). *People of Nepal.* Orient Longman Ltd.Calcutta,

Caplan, A.P.(1972). *Priests and Cobblers, A study of social change in Indu village of western Nepal.* London: Inter test book.